ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५औं वर्ष

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३०६ ॥ सोमबार १४ बैशाख २०८३ ॥ एकादशी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Monday 27 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## हावाहुरीले माझगाउंका घरगोठमा ठूलो क्षति

हेटौंडा/मकवानपुरको थाहा नगरपालिका-९, माझगाउँमा आएको हावाहुरीका कारण स्थानीयका घर तथा गोठमा ठूलो क्षति पुगेको छ। १२ गते बेलुका करिब ९ बजे आएको हावाहुरीबाट १० स्थानीयका घर तथा पशुचौपाया राख्ने गोठमा क्षति पुगेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। यद्यपि, उक्त घटनामा मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जनाएको छ।

प्राप्त विवरणअनुसार कर्ण बलामीको दुई वटा घरमा जस्ता पाता, काठ, फर्निचर, झ्यालढोका तथा अन्नबाली (गहुँ, धान, मकै) लगायत सामग्रीमा करिब १२ लाख बराबर क्षति भएको छ। गोपाल बलामीको ट्रष्ट, जस्तापाता, इँट्टा र काठमा १ लाख बराबर नोक्सानी भएको छ। घटोकप बलामीको बाख्रागोठ र घरका संरचनामा १ लाख ५० हजार, जनकदास बलामीको घरको छानामा १ लाख, बुद्धिबहादुर बलामीको घरमा १ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

कृष्ण बलामी र रमेश बलामीका घरमा क्रमशः ५०/५० हजार, राजन बलामीको बाख्रागोठमा ९० हजार, हेमकुमारी बलामीको घरमा ४० हजार र ओमबहादुर बलामीको घरको झ्याल तथा सिसामा २५ हजार बराबर क्षति भएको विवरणमा उल्लेख छ। उक्त घटनाबाट १९ लाख ५ हजार बराबर आर्थिक क्षति भएको प्रहरीले जनाएको छ।

*कहां जादैछ मुलुकको समग्र अर्थतन्त्र ?*

# अधिक मूल्यबृद्धिले पूर्वाधार क्षेत्रमा 'सुनामी'

सुनिता बिष्ट

हेटौंडा/अत्यधिकरुपमा भइरहेको मूल्यबृद्धि र त्यसबाट निर्माण व्यवसायमा देखिएको समस्याले निर्माण कार्य ठप्प भएको बागमती प्रदेश निर्माण व्यवसायी महासंघले जनाएको छ। महासंघले वर्तमान अवस्थालाई पूर्वाधार क्षेत्रमा आएको 'सुनामी' को संज्ञा दिँदै तत्काल ठोस नीतिगत् हस्तक्षेप नगरे मुलुकको समग्र अर्थतन्त्रमा दीर्घकालीन असर पर्ने जनाएको हो।



देशको निर्माण क्षेत्र गम्भीर संकटको चपेटामा परेको भन्दै म्याद थप गर्न व्यवसायीहरुले माग गरेका छन्। इन्धनजन्य पदार्थ र निर्माण सामग्रीको लगातार बढ्दो मूल्य तथा अभावका कारण अधिकांश पूर्वाधार आयोजना प्रभावित हुँदा निर्माण उद्योग नै ठप्प हुने अवस्थामा पुगेको भन्दै प्रदेश निर्माण व्यवसायी महासंघले म्याद थप अपरिहार्य रहेको बताएको छ। निर्माण उद्योग शिथिल भएकै कारण मुलुकको समग्र अर्थतन्त्रमा नकारात्मक असर परेको उसको भनाइ छ।

प्रदेश निर्माण व्यवसायी महासंघले आइतबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै निर्माण व्यवसाय धरासयी अवस्थामा पुगेको बताएको छ। महासंघ अध्यक्ष छत्रबहादुर तामाङका अनुसार मध्यपूर्वमा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य अस्थिर बन्दै गएको र यसको प्रत्यक्ष असर नेपालमा डिजेल, पेट्रोल र मट्टीतेलको मूल्यमा परेको बताए। जसले निर्माण क्षेत्रको लागत अधिक बढाएको उनको भनाइ छ। निर्माण कार्यमा व्यापकरुपमा प्रयोग हुने इन्धन महंगिँदा परियोजनाहरु सञ्चालन गर्न कठिन हुँदै गएको उनले बताए। बजारमा सामग्रीको मूल्य तीव्ररुपमा बढ्दा पनि सूचकांकमा कम देखिँदा व्यवसायीले वास्तविक लागत सम्हाल्न नसकेको उल्लेख छ।

बिटुमिन, सिमेन्ट, फलामे डण्डीलगायत निर्माण सामग्रीमा पनि निरन्तर मूल्यवृद्धि भइरहेको बताउँदै बजारमा आवश्यक परिमाणमा सामग्री उपलब्ध नहुँदा धेरै आयोजना प्रभावित भएको उनको भनाइ छ। मूल्यवृद्धिका कारण कतिपय स्थानमा काम रोकिएको अवस्था रहेको बताउँदै लामाले भने-निर्माण सामग्री आपूर्ति श्रृंखलामा देखिएको अवरोधले समस्या थप जटिल बनाएको छ। निर्माण क्षेत्रसँग प्रत्यक्षरुपमा जोडिएका लाखौं श्रमिक, साना तथा ठूला ठेकेदार, आपूर्तिकर्ता र सहायक उद्योगहरु हाल आर्थिक संकटमा परेका छन्। निर्माण उद्योग सुस्ताउँदा रोजगारीमा असर परेको छ भने बैंकिङ क्षेत्रसँग जोडिएका ऋण दायित्वसमेत जोखिममा छन्।

महासंघले यसअघि पनि विभिन्न चरणमा सरकारलाई समस्या समाधानका लागि ध्यानाकर्षण गराउँदै आएको उल्लेख गर्दै हालसम्म प्रभावकारी कदम नचालिएको गुनासो गरेको छ। 'लगातार दुई महिनादेखि सरकारबाट मौखिक आश्वासनमात्र प्राप्त भएको छ, व्यवहारिक समाधान देखिएको छैन,' विज्ञप्तिमा भनिएको छ।

महासंघले हाल प्रचलित मूल्य समायोजन प्रणालीप्रति असन्तुष्टि व्यक्त गरेको छ। नेपाल राष्ट्र बैंकको मूल्य सूचकांकका आधारमा ठेक्काको मूल्य समायोजन हुने व्यवस्था रहे पनि वास्तविक बजार मूल्यसँग त्यसको मेल नखाने स्थिति देखिएको महासंघको भनाइ छ। निर्माण कार्य तीव्रगतिमा सञ्चालन हुनुपर्ने समयमै लागत वृद्धि र सामग्री अभावका कारण अधिकांश आयोजना ढिलाइ हुने निश्चितजस्तै भएको महासंघले जनाएको छ। राष्ट्रिय गौरवका आयोजनासहित साना तथा ठूला परियोजनाको प्रगति प्रभावित भएको र कतिपय ठाउँमा काम पूर्णरुपमा ठप्प भएको अवस्था छ।

यस परिस्थितिमा महासंघले सबै आयोजनाको म्याद थप अपरिहार्य भएको स्पष्ट पारेको हो। निर्धारित समयमै काम सम्पन्न गर्न असम्भव जस्तै भएको भन्दै बैंक ग्यारेन्टी, वीमा तथा सम्भावित क्षतिपूर्ति सम्बन्धि व्यवस्थामा सहजीकरण गर्न सरकारसँग आग्रह गरिएको छ। महासंघ अध्यक्ष लामाले सरकार समक्ष तत्काल लागु हुने गरी मूल्य समायोजनसम्बन्धि नयाँ मार्ग निर्देशिका जारी गर्न, सबै अवधिका ठेक्कामा मूल्य समायोजनको व्यवस्था लागु गर्न तथा निर्माण व्यवसायीलाई राहत प्याकेज उपलब्ध गराउन माग गरेका छन्। समयमै आवश्यक निर्णय नलिए निर्माण उद्योग पूर्णरुपमा धरासयी हुने र त्यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने महासंघले चेतावनी दिएको हो।

पूर्वाधार विकासमा देखिएको संकटले विकास परियोजनाहरुको भविष्यमात्र होइन, देशको आर्थिक स्थायित्वमा प्रश्न उठ्ने संकेत देखिएको निर्माण व्यवसायीले बताएका छन्।

अव्यवहारिक ऐनकानुन तथा नीतिनियमका कारण स्वदेशी तथा विदेशी कसैले पनि मुलुकमा काम गर्ने अवस्था नरहेको उनीहरुको कथन छ। 'निर्माण उद्योगका समस्यालाई राज्यले संवेदनशीलरुपमा कहिल्यै लिएन,' उनीहरुले भने-पटकपटक सरकारसमक्ष निर्माण उद्योगका समस्याबारे अवगत गराउँदा पनि कुनै सुनुवाइ भएको छैन। निर्माण कार्य हुने सिजनमै सिमेन्ट उद्यमीबाट बिनाठोस कारण खुलेआम कार्टेलिङ एवम् कालोबजारी गरी सिमेन्ट साथै डण्डीलगायत निर्माण सामग्रीमा चर्को मूल्यवृद्धि हुने, भुक्तानी अभाव लगायत समस्या समाधान देखिने गरेको व्यवसायीहरुले बताए।

कुनै पनि सानादेखि ठूला तथा छोटो तथा बहुबर्षिय निर्माण कार्य वा आयोजनको म्याद थपसम्बन्धि कानुनी जटिलता, राष्ट्र बैंकबाट निर्माण व्यवसायीलाई ऋणमा दिइएको सुबिधा कटौतीलगायतका कारण धेरै ब्यवसायीहरु विभिन्न कारण रुग्ण रहेका आयोजना खारेजी गर्न पनि महासंघले माग गरेको छ। बिगतमा भएको सहमतिको अक्षरशः कार्यान्वयन, पूर्वाधारमैत्री ऐनकानुन, लोबिडिङ कार्य निरुत्साहन, निर्माण सामग्रीको सहज उपलब्धता माग्दै महालेखा र अख्तियारलगायत नियमनकारी निकायको 'ज्यादति' प्रति महासंघले आपत्ति जनाएको छ।

# पाँच रुपियाँमा पनि बिकेन तरकारी



सन्देश संवाददाता

हेटौंडा/पश्चिम चितवनस्थित अमृतनगरकी लक्ष्मी रानाभाट व्यावसायिक कृषक हुन्। यतिखेर रानाभाटको १२ बिगाहा क्षेत्रफलमा काँक्रो, बोडी, चिचिण्डो, करेला लगायत तरकारी छन्। तर, तरकारी नबिकेर उनी चिन्तित छन्।

'राम्रो मूल्य पार्ने आसमा यस पटक काँक्रो, बोडी, करेला उत्पादन गरियो। पाँच रुपियाँ किलोमा पनि बिक्दैन,' बारिमा फालिएका करेला देखाउँदै रानाभाटले भनिन्-उत्पादन गरेर बारिमा नै कुहाएर फाल्नुपर्छ। उनले व्यावसायिकरुपमा खेती गर्न थालेको २० वर्ष पुग्यो। उनले जग्गा भाडामा लिएर तरकारी खेती गरेकी हुन्। यस वर्ष लहरे बाली जातका तरकारी नबिकेर लगानी खेर गएको उनी बताउँछिन्।

'हाल काँक्रो बिक्री नै भएको छैन। करेला, लौका र बोडी प्रतिकेजी पाँच रुपियाँमा लैजान पनि मान्दैनन्,' उनी भन्छिन्-मूल्य नपाएपछि लगानी पनि उठ्दैन। प्रत्येक वर्ष तरकारी खेती गर्दा प्रयोग हुने विषादी, विउ र अन्य सामानको मूल्यवृद्धि भइरहे पनि किसानको मेहनतअनुसार मूल्य नपाएको उनले बताइन्।

तरकारीको बिक्रीले नै घर खर्च टार्ने किसान आम्दानी नभएपछि मर्कामा छन्। भरतपुर महानगर पालिका-२५ स्थित अमृतनगरकी सुमिना थापा २ बिघामा तरकारी खेती गर्छिन्। यतिखेर काँक्रो, बोडी निस्किएको छ। बिक्री नभएपछि बारिमा तरकारी कुहिएर खेर गएको उनले बताइन्। 'दश कठ्ठामा बोडी लगाएकी थिएँ। ४ रुपियाँ केजीमा पनि नलगेर टिपेको। १० बोरा बोडी घरमा छ,' उनले भनिन्-काँक्रो त बिक्री नभएर बारिमै सुकिरहेको छ। उनले चार कठ्ठामा काँक्रो लगाएकी थिइन्। यस पटक उनले दुई लाख लगानी गरेर तरकारी खेती गरेकी उनी तरकारी बिक्री नभएपछि खेतालाको पैसा पनि नउठ्ने हो कि भन्ने चिन्तामा छन्।

बैशाख ४ गतेसम्म किसानले तरकारीको मूल्य राम्रै पाएका थिए। त्यतिखेर करेला प्रतिकेजी ६०, काँक्रो ४० र बोडी ४० रुपियाँमा बिक्री भएको थियो। तर, पछिल्लो समय तरकारीको मूल्य ह्वात्तै घटेर बिक्री गर्न सकेका छैनन्। तरकारी बिक्री नभएपछि किसानले संघर्ष समितिसमेत बनाएका छन्। संघर्ष समिति संयोजक ईश्वरीप्रसाद न्यौपानेले उत्पादन वृद्धि नभएको अवस्थामा पनि तरकारी बेच्न कठिन भएको बताए। 'तीन दिनको अन्तरालमा तरकारीको मूल्य ह्वात्तै घटेको छ। हाम्रो उत्पादन बढेको छैन। बजारमा तरकारी बिक्री पनि भइरहेको छ,' उनले भने-बीचमा कालोबजारी गर्ने व्यक्तिहरुले मूल्यमा गिरावट गरेका छन्।

उपभोक्ताले बजारमा चर्को मूल्य तिरेर तरकारी उपभोग गरिरहेको उनले बताए। 'हाम्रो उत्पादन बढी भएको प्रत्याभूति पनि हामीसँग छैन। हामीले ५ रुपियाँमा बिक्री गर्न नसकेको करेला बजारमा उपभोक्ताले १ सय २० रुपियाँ तिरेर उपभोग गरिरहेका छन्,' उनले सरकारलाई प्रश्न गर्दै भने-किसान र उपभोक्ताबीच दुरी किन यति धेरै अन्तर भयो। हाल तरकारी उठाउने ठेकेदारले किसानसँग बढीको बिल बनाएर लैजाने गरेको उनले बताए। 'किसान र उपभोक्ताको मूल्यमा अन्तर थोरै देखियोस् भनेर बिल बढीको बनाएर लगेको पनि पाएका छौं,' न्यौपानेले भने-किसानले आफ्नो तरकारी फाल्न भन्दा जे गरे पनि हस् भन्ने स्थितिबाहेक अरु विकल्प छैन।

पश्चिम चितवन तरकारी खेतीका रुपमा प्रख्यात छ। यसलाई समेटेर तरकारीको जोन क्षेत्रसमेत बनाइएको छ। यहाँ एक हजार हेक्टरमा तरकारी खेती हुन्छ। हाल करेलामात्र ४० बिगाहामा उत्पादन भएको छ। यहाँ उत्पादन भएको तरकारीले राजधानी, पोखरा, हेटौंडा, बुटवल, नेपालगञ्जलगायतका बजार थेग्ने गर्दछ।

यतिखेर किसानले लहरे बालीका रुपमा काँक्रो, बोडी, लौका, चिचिण्डोलगायत तरकारी उत्पादन गरेका छन्। यद्यपि, उनीहरुले उत्पादन गरेको तरकारीले उचित मूल्य पाउन नसकेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई चितवनका प्रमुख महेश रेग्मी बताउँछन्। 'टमाटर, भण्टा र खुर्सानी लगाउने किसानले मूल्य पाए। अन्य तरकारी लगाउने किसानले मूल्य नपाएको अवस्था छ,' उनले भने। किसानले मूल्य नपाए पनि उपभोक्ताले भने महंगोमा तरकारी उपभोग गर्न बाध्य रहेको उनले बताए। 'हाल उपभोक्ताले खाने बेलामा महंगोमा किन्नु परेको छ,' उनले भने-किसान र उपभोक्ताबीच दुरी निराकरण गरी किसानको लगानी उठाउने वातावरण बनाउन सरकार लाग्नु आवश्यक छ।

## ओभरलोड ढुवानी गर्ने १३ ट्रिपर नियन्त्रणमा



सन्देश संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले ओभरलोड ढुवानीमा संलग्न १३ वटा ट्रिपर नियन्त्रणमा लिएको छ। शनिबार बिहान करिब ६:१० बजे जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले गस्तीका क्रममा हेटौंडा-१९ नेवारपानी क्षेत्रमा मनहरीबाट हेटौंडा बजारतर्फ आउँदै गरेका ती ट्रिपरहरू फेला पारी जाँच गरेको थियो।

जाँचका क्रममा ट्रिपरहरूमा चुनढुङ्गा ओभरलोड रहेको तथा आवश्यक कागजात (बिल) समेत नरहेको पाइएपछि सबै सवारीसाधन नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुर ल्याइएको प्रहरीले जनाएको छ। हाल ती ट्रिपरहरूमाथि आवश्यक अनुसन्धान भइरहेको छ।

नियन्त्रणमा लिइएका ट्रिपरहरूमा म.प्र.०३-००१ क २५९५, म.प्र.०३-००१ क २५८१, बा.प्र.०३-००१ ख १२७३, बा.प्र.०३-००१ ख १२७२, ना.८ ख ४३८२, म.प्र.०३-००१ क २५९१, म.प्र.०३-००१ क २५८३, बा.प्र.०३-००१ ख १२७०, ना.८ ख ५०२९, ना.१ क ८७०१, ना.१ क ८६९८, ना.१ क ८६९ र बा.प्र.०३-००१ ख ४६६२ रहेका छन्।

यसअघि जिल्ला प्रशासन कार्यालय मकवानपुरले ओभरलोड ढुवानी गर्ने ट्रक तथा ट्रिपरमाथि कडा कारबाही गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई निर्देशन दिएको थियो। साथै, दैनिक कारबाहीको विवरण नियमित रूपमा प्रशासन कार्यालयमा पठाउन पनि निर्देशन दिइएको छ।

## फर्किएनन् १३३ कैदीबन्दी



हेटौंडा/मकवानपुरको भीमफेदी कारागारबाट फरार भएका कैदीमध्ये १ सय ३३ कैदीबन्दी कारागार फर्किएका छैनन्। जेनजी आन्दोलनका क्रममा भदौ २४ गते राति कारागारको पर्खाल भत्काएर फरार भएका ४ सय ४० कैदीबन्दी मध्ये शनिबारसम्म २ सय ९४ कैदीबन्दीहरु मात्र कारागारमा फर्किएका छन्।

कारागार प्रमुख सुवास पौडेलका अनुसार भीमफेदी कारागारबाट भागेकामध्ये हालसम्म २ सय ९४ जना र अन्य कारागारबाट फरार ७६ कैदीबन्दी कारागार फर्किएका छन्। फरार भएका ३९ विदेशी कैदीबन्दीमध्ये १३ मात्र कारागार फर्किएका छन्। अन्य कारागारबाट फरार भइ भीमफेदी कारागार फर्किएकामध्ये ५० जनालाई सम्बन्धित कारागारमा स्थानान्तरण गरिएको र २२ जना भीमफेदी कारागारमा रहेको प्रमुख पौडेलले बताए। भदौ २४ गते राति १ बजेतिर भीमफेदी कारागारको तीनवटा गेट फुटाइ पश्चिमतर्फको पर्खाल भत्काएर 'क' ब्लकबाट २ सय ६० र 'ख' ब्लकबाट १ सय ८० कैदीबन्दी फरार भएका थिए। फरार कैदीबन्दीको खोजीका क्रममा सुरक्षाकर्मीले विभिन्नकारागारबाट भागेका फरार कैदीबन्दीको खोजी तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले बताए।

# भरतपुरमा नेपाल आविष्कार केन्द्र




सन्देश संवाददाता

भरतपुर/भरतपुर महानगर पालिका वडा-७ मा नेपाल आविष्कार केन्द्र स्थापना हुने भएको छ। यससँग जोडिएका २२ जना संस्थापक सदस्यहरुले नेपाल आविष्कार केन्द्र स्थापना गर्ने अठोट गरेका छन्। यसका परिकल्पनाकार पूर्वमन्त्री विजय सुबेदी हुन्।

'दुई महिनाअघि केही इञ्जिनियर साथीहरुसँग छलफल गर्ने क्रममा आविष्कार केन्द्र स्थापनाको परिकल्पना भयो,' आविष्कार केन्द्रको अवधारणामाथि भएको छलफलमा सुबेदीले भने-अन्य विभिन्न क्षेत्रका बुद्धिजीवीसँग छलफल गर्दागर्दै हाल २२ जना पुगेका छौं। आविष्कार केन्द्रका लागि भरतपुर-७ मा २२ कठ्ठा जग्गा लिजमा लिइएको छ।

परिकल्पनाकार सुबेदीका अनुसार आविष्कार केन्द्रमा ५१ जना संस्थापक सदस्य बनाइने छ। 'बैशाख महिनाभित्र कम्पनी ऐनअन्तर्गत् दर्ता गरिन्छ, आविष्कार केन्द्र नाफामूलक हुँदैन। यसको आम्दानी यसको वृद्धिविकासमा लगाइन्छ,' सुबेदीले भने-हाल प्रत्यक्षरुपमा २२ जना जोडिए पनि धेरै युवाहरुले रुचि देखाइरहेका छन्। विभिन्न क्षेत्रका विज्ञ मानिसलाई आबद्ध गराउने सोचाइ बनाएका छौं। उनले भने-यो कुनै रंग र पार्टीको हुँदैन, कुनै जाति र निजी हुँदैन, सबैको साझा रहन्छ।

अवधारणामाथि भएको छलफलमा इञ्जिनियर विशाल सिग्देलले केन्द्रको गुरुयोजना बताएका थिए। 'नेपाली जनजीवनका मौलिक समस्याहरुको समाधान गर्ने नवप्रवर्तन र आविष्कारको केन्द्र बनाउने छौं,' सिग्देलले भने-प्रविधि र अनुसन्धानलाई प्राथमिकता दिइने छ, अपांगता, ज्येष्ठ नागरिकहरुको जीवनलाई सहज बनाइने छ, देशकै रिसर्च सेन्टरका रुपमा विकास गरिने छ। इञ्जिनियर सुनील पराजुलीले नेपालजस्तो देशमा जनजीवनलाई सामान्य बनाउन, कृषि उत्पादन बढाउनुका साथै हरेक काममा ज्ञान, विज्ञान र प्रविधिको विकास आवश्यक भएको बताए। अवधारणामाथि गरिएको छलफलमा पराजुलीको टिमले आविष्कार गरेको इलेक्ट्रिक ट्राइसाइकल कावासोती-८ का अपांगता भएकी राधिका क्षेत्रीलाई निःशुल्क प्रदान गरिएको थियो। आविष्कार केन्द्रमा जोडिएका इञ्जिनियर पराजुलीसहित टिमले आविष्कार गरेको साइकल प्राप्त भएपछि राधिकाले भनिन्-मेरो जीवन अब सहज हुने भयो। अब म पनि इलेक्ट्रिक साइकलमा हिँडडुल गर्नसक्ने भएँ। उनको खुट्टा चल्न सक्दैन, धेरथोर चल्ने हातलाई सहज हुने गरी नापजाँच गरेर साइकल निर्माण गरिएको इञ्जिनियर पराजुली बताउँछन्।

केन्द्रका परिकल्पनाकारमध्ये एक पूर्वनगर शिक्षा अधिकारी महेन्द्र पौड्यालले तीन तहका सरकारसँग समन्वय गरेर केन्द्रलाई अगाडि बढाउने बताए। उनले भने-अपांगता भएका र विपन्न समुदायका मानिसहरुलाई निःशुल्क उपकरण दिने सोचाइ बनाएका छौं। स्मार्ट औजार बनाउनेदेखि पर्यटन प्रविधिसम्म तयार पार्ने लक्ष्य बनाइएको छ। केन्द्र संस्थापक सदस्य, साधारणसभा, कार्यसमिति, सल्लाहकार समिति र कार्यकारी निर्देशक रहने र लोकतान्त्रिक विधिबाट सञ्चालन हुने अवधारणा बनाइएको पौड्यालले बताए। केन्द्र संस्थापक सदस्य प्राध्यापक मनोज बिष्टले विद्यालय तथा क्याम्पसकहरुका एआई र रोबोटिक शिक्षाका कार्यक्रमहरु पनि सञ्चालन गर्ने बताए। उनले भने-नेपालकै एउटा नमुनायोग्य आविष्कार केन्द्र बनाउने लक्ष्यमा दौडिन सुरु भइसकेको छ। श्रेष्ठ, अर्थविद् डा. तिलचन्द्र भट्टराईलगायतले रिसर्च र इनोभेसनलाई सँगै लैजान सुझाव दिएका थिए।

# कतै सुकुम्बासीको उठिबास, कतै धनीपुर्जा



सन्देश संवाददाता

भरतपुर/सरकारले काठमाडौंको थापाथलीलगायत ठाउँमा सुकुम्बासी बस्ती शनिबार खाली गराएको छ। वास्तविक सुकुम्बासी अब कहाँ गएर बस्ने भन्ने समस्यामा छन्। ६८ बढी परिवार त सरकारको सम्पर्कमा पुगिसकेका छन्। राजधानीमा सुकुम्बासीको उठिबास लागिरहँदा चितवनमा सुकुम्बासीहरुलाई जग्गा धनीपुर्जा वितरण भइरहेको छ।

कार्यसम्पादनमा नेपालकै उत्कृष्ट जिल्ला ठहरिएको चितवनमा उल्लेखीय संख्यामा पुर्जा वितरण भइरहेको छ। २०८१ माघ ३ गतेदेखि पदभारग्रहण गरेका भूमि समस्या समाधान आयोग चितवनका अध्यक्ष इमानसिंह लामाले पुर्जा वितरणको कामलाई तीव्र पारेको बताउँछन्। उनी भन्छन्-छोटो समयमा धेरै उपलब्धि हात पार्नुमा कर्मचारी र आयोगका सदस्य तथा अन्य सरोकारवालाहरुको सहयोग छ। अध्यक्ष भएपछि चितवनमा ७ सय ८७ वटा लालपुर्जा वितरण गरेको उनले बताए। बागमती प्रदेशका १२ जिल्लाले जम्मा २ सय ५३ वटामात्र वितरण गरिरहँदा चितवनमा झण्डै आठ सय पुर्जा वितरण भएको छ। अध्यक्ष लामाका अनुसार धेरै संख्यामा सुकुम्बासी लाभान्वित भएका हुन्। देशभरिमा सबभन्दा बढी राजस्व संकलन गर्ने जिल्ला पनि चितवन भूमि आयोग नै हो। १४ करोड ८० लाखजति राजस्व संकलन भएको छ।

'म नियुक्त भएको १५ महिनाजति भयो। काम जम्मा ३ महिनाजति गर्न पाएँ,' अध्यक्ष लामाले भने-कहिले कर्मचारी नै नपठाउने, कहिले जेनजी आन्दोलनको समय, कहिले आयोगलाई काम नै नगर्नू भनेपछि ५ महिनाजति निष्क्रिय हुन बाध्य भइयो। जेनजी आन्दोलनको क्रममा मात्र ७५ प्रतिशत् कागजातहरु जलेको थियो। 'जलेका फाइलभित्रका सग्लो कागज जम्मा गरेर प्रमाण जुटाएर पुर्जा बाँड्ने काम गरें। तर, अरु जिल्लामा जेनजी आन्दोलनपछि आयोगको काम नै अघि बढेको छैन,' उनले भने।

जलेका फाइलहरुका खरानी टकटक्याउँदै पुर्जा दिने काम धमाधम भइरहेको छ। बागमती प्रदेशमा अरु १२ जिल्लाले वितरण गरेको जम्मा संख्याभन्दा पनि चितवन जिल्ला एउटैले वितरण गरेको लालपुर्जाको संख्या तेब्बरले बढी छ। जेनजी सरकार गठनपछि आयोग खारेज हुनु, केही महिनापछि सर्वोच्च अदालतबाट पुनर्स्थापना हुनु, त्यसपछि तुरुन्त निर्वाचन आचारसंहिता लागु हुनु आदि कारण काम गर्ने समय नै पर्याप्त भएन, तर पनि छोटो समयमा भएको कामको उच्च प्रशंसा भइरहेको छ।

'भरतपुर-२३, २४, १६, ८, १२, रत्ननगर-१२, १३ र राप्ती-६, ९, ११ लगायत ४ सय ८५ भन्दा बढीलाई लालपुर्जा दिलाउन सफल भएँ,' अध्यक्ष लामा भन्छन्-पुर्जा पाउँदा उनीहरुमा छाएको खुशी, हामी सबैको खुशी हो। आन्दोलनमा जलेका राप्ती-१ का १ हजार ९ सय ६० वटा कित्ताका फाइलहरु, भरतपुर-२३, २४, २५, २६, १६, १२, माडी र इच्छाकामना-४ लगायत १ हजार ३ सय कित्ताका फाइल गरी करिब २ हजार ४ सय ६० कित्ताहरुको पुनःफाइल निर्माण गरी राजस्व भौचर प्राप्त भएपश्चात् लालपुर्जा तयार गर्ने काम अन्तिम चरणमा छ।

लामा यसअघि राप्ती नगर पालिका उपप्रमुख थिए। सोही बखत उनले राज्यले दिने सेवासुबिधाबाट पाउने रकम खर्च गरी ६ वटा घर दलित तथा विपन्नका लागि बनाएका थिए। उपप्रमुख हुनुअघि उनी लुम्बिनी विकास कोषको कार्यकारी निर्देशक भएर पनि काम गरे। पुस्तौंपुस्तादेखि लालपुर्जाविहीन भएर बसेका सुकुम्बासीहरुले पुर्जा पाउँदा खुशी लागेको उनीहरुको भनाइ छ। रत्ननगर नगरपालिका, भरतपुर महानगरपालिका-११, १५, र २६ कासमेत गरी ३ सय २ जनाले पुर्जा पाएका छन्।

**उखान:** नपाउनेले केरा पायो चिया संग खायो।

**बेलाको बोली**

यदि जिन्दगीलाई बुझ्नुछ भने, पछाडि फर्केर हेर। यदि जिन्दगी जिउनु छ भने अगाडि हेर।

- अज्ञात

## सम्पादकीय

# डिजिटल हिंसा नियन्त्रण गर

*हिजोआज महिला, किशोरी, पत्रकार, सामाजिक कार्यकर्ता तथा सार्वजनिक जीवनमा सक्रिय व्यक्तिलक्षित चरित्रहत्या, धम्की, निजी सामग्रीको दुरूपयोग र घृणात्मक अभिव्यक्ति सामान्यजस्तै बन्न पुगेका छन् । नेपालमा डिजिटल पहुँच विस्तारसँगै साइबर अपराधको स्वरुप पनि जटिल बन्दै गएको छ । पहिले व्यक्तिगतस्तरमा सीमित रहने गालीगलौज अहिले संगठित ट्रोलिङ, लैंगिक अपमान, निजी तस्बिरको दुरूपयोग, चरित्रहत्या र प्रत्यक्ष हिंसाका धम्कीसम्म पुगेको छ ।*

*अझ चिन्ताजनक पक्ष के हो भने यस्ता आक्रमणहरु प्रायः महिलाप्रति लक्षित हुने गरेका छन् । राजनीतिक मतभेद, सामाजिक सक्रियता वा सार्वजनिक अभिव्यक्तिका कारण महिलामाथि गरिने डिजिटल हिंसा लोकतान्त्रिक समाजकै लागि चुनौती बन्दैगएको छ । यस्तो हिंसाको मानसिक सामना गर्न नसक्नेहरु घरभित्रै खुम्चिनुपर्ने वा चुप लाग्नुपर्ने अवस्था छ । राजनीतिक वा सामाजिक क्षेत्रमा सक्रिय महिलाका परिवारजनसमेत यस्तो हिंसाको चपेटामा परेका छन् । विडम्बना, यस्तो हिंसा नेपालको कानुनअनुसार दण्डनीय अपराध भए पनि सजाय भने बिरलै हुन्छ । हिंसाका घटनाको उजुरी गर्नै हिचकिचाउने र उजुरी परे पनि कारबाही कमजोर हुने प्रवृत्तिका कारण अपराधीहरु हौसिएका देखिन्छन् । डिजिटल यौनहिंसाको अर्को गम्भीर प्रभाव पारिवारिक र सामाजिक सम्बन्धमा देखिएको छ । सम्बन्ध विच्छेद, मानसिक तनाव, सामाजिक अपमान र आत्मविश्वासमा गिरावटजस्ता परिणामहरुले पीडितको जीवनमा दीर्घकालीन असर पारिरहेका छन् । मानसिकरुपमा कमजोर अवस्थामा रहेका व्यक्तिलाई यस्तो हिंसाले आत्महत्यासम्मको जोखिममा पुऱ्याउन सक्छ ।*

*यसैले यस्तो जटिल समस्याको समाधान पनि बहुआयामिक दृष्टिकोणबाट खोज्नुपर्छ । डिजिटल युगमा अभिव्यक्ति स्वतन्त्रता सुरक्षित राख्दै साइबर हिंसालाई नियन्त्रण गर्नु राज्य, दल, प्रविधि कम्पनी र समाज सबैको साझा जिम्मेवारी हो । यो चासोलाई स्थायी सुधारतर्फ रुपान्तरण गर्नुपर्ने भएको छ । सरकारले झरा टार्ने होइन, नागरिकले सुरक्षित महसुस गर्नेगरी प्रभावकारी हस्तक्षेप गर्नु अब ढिलाई गर्नु हुदैन । नागरिकको स्वतन्त्रता र अस्मितामा चासो राख्ने सबै पक्षले साइबर बुलिङ र डिजिटल हिंसाविरुद्ध निरन्तर आवाज उठाइरहनु पर्छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष** व्यवहारले अरूलाई आकर्षण गर्ने बेला छ। मिहिनेत गर्दा राम्रो उपलब्धि प्राप्त हुने समय देखिन्छ। सभासमारोहमा सहभागी बन्ने अवसर मिल्नेछ।

**बृष** बन्धु-बान्धवबीच आत्मीयतामा कमी आउनेछ। स्थायी सम्पत्तिमा विवाद आउने सम्भावना देखिएकाले सजग रहनुहोला। काम दोहोऱ्याउनुपर्ला।

**मिथुन** आम्दानी बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। लेखन तथा अभिव्यक्ति कलामा निखारता आउनेछ। कामको जिम्मेवारी बढ्नेछ।

**कर्कट** आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। बलजफ्ती गर्दा परिस्थिति बिग्रन सक्छ। शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ।

**सिंह** केही रकम हातलागी भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ आफ्ना सामानमा अरूले दाबी अवसरवादीहरूबाट सजग रहनुहोला।

**कन्या** काम प्रारम्भ गर्ने समय छ। अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ।

**तुला** प्रयत्न गर्दा आंशिक फाइदा हुनेछ विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। पछिका लागि गरिएको लगानीले पनि फाइदै दिनेछ।

**बृश्चिक** श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुन

**धनु** विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ गर्ने समय छ।

**मकर** स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्।

**कुम्भ** समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ।

**मिन** प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ। अतिथिकारूपमा सम्मान र सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# पृथ्वी संरक्षणको आवश्यकता



डा. माधव अधिकारी

पृथ्वीमा भएका अनेकौं तत्वहरूमध्ये एकको घटी वा बढीले अरूलाई समेत असर पार्छ। अन्य प्राणी, वनस्पति तथा समग्रमा जीवित प्राणी र मानव जातिको अस्तित्वमा समेत प्रश्नचिन्ह खडा गर्न सक्छ। पृथ्वीमा भएका विविध तत्वका कारण वातावरणको नियन्त्रणमा भएको उदासीनताले वातावरणको क्षेत्रमा चिन्तित हुनुपर्ने अवस्था छ। वातावरणमा देखिने असन्तुलनले मानिसका आर्थिक, सामाजिक, राजनीतिक, जैविकलगायतका समग्र क्रियाकलापमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित भई मानव बाँच्ने आधारहरू नष्ट हुँदै गएर पग्लिँदो हिमश्रृंखला जल्दोबल्दो समस्यामा परिणत भएकाले वर्तमान समयमा वातावरणलाई वातावरणप्रेमीले अति महत्वका साथ हेर्नु स्वभाविकै हो।

योजनाकार तथा नीति निर्माताहरू वातावरणलाई असर पार्ने तत्वहरूको पहिचान गरेर मात्र निर्णय लिने तथा विकास योजना बनाउने अवस्थामा नपुगेको कारण यो वातावरणीय दुर्दशा भई पृथ्वीमा ठूलो असर परेको छ। यसको असर ओजोन तहमा समेत परेको छ। जसको परिणाम बिगत तथा हालमा मानिसले वातावरणप्रति गरेको परिणाम तथा त्यसले मानिसलाई पारेको नोक्सानीलाई हेर्दा वातावरणको यथोचित संरक्षणबिना दिगो विकास दीर्घजीवी हुन नसक्ने प्रष्ट छ। मानव जातिको समुन्नति एवम् अस्तित्वकै लागि पनि वातावरणको महत्व प्रष्ट हुँदैछ। तसर्थ, मानवजातिको सुख-समृद्धिका लागि आर्थिक तथा सामाजिक क्रियाकलापको जति महत्व छ त्यत्तिकै मात्रामा वातावरणको संरक्षण पनि अपरिहार्य छ। वातावरणीय विनाशले नेपाल र नेपालीहरूको वातावरणीय परिवेशमा नकारात्मक परिणाम ल्याएको छ।

यसै सिलसिलामा अप्रिल २२ तारिखका दिन अन्तर्राष्ट्रिय पृथ्वी दिवस मनाइन्छ। यो दिवसको पृष्ठभूमिलाई हेर्दा सन् १९७० को अप्रिल २२ मा अमेरिकी सिनेटर जेराल्ड नेल्सनको अगुवाइमा वातावरण शिक्षा कार्यक्रमको रूपमा पहिलो पटक यो दिवस मनाइएको थियो। सन् १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी सम्मेलनले पृथ्वी दिवसको आवश्यकतालाई प्रेरणा दिएको थियो। क्रमश: सन् २००९ मा राष्ट्र संघको ६३ औं महासभाको बैठकले अप्रिल २२ लाई विश्व पृथ्वी दिवसको रूपमा मनाउने घोषणा गरेको पाइन्छ।

बढ्दो जनसंख्या, अव्यवस्थित सहरीकरण, तीव्र औद्योगीकरणले पृथ्वीको वातावरण तथा ओजोन विनाशलाई निम्त्याएको छ। यस वर्षको विश्व पृथ्वी दिवसको नारा 'आओर पाओर, आओर प्लानेट' भन्ने रहेको छ। सोका लागि प्रकृतिमा रमाउँदै रूख रोपी हरियाली बढाउने, पुनः प्रयोग गर्न मिल्ने ऊर्जाको प्रयोग, प्लास्टिकको कम प्रयोग, वातावरणीय संरक्षण गर्नु आजको आवश्यकता हो।

मुख्यत:वातावरण तथा ओजोन तहको विनाशबाट जलवायु परिवर्तन भएको छ। जलवायु परिवर्तन विश्वव्यापी चुनौती र समस्याको रूपमा देखिएको छ। हरितगृह ग्याँस उत्सर्जनमा न्यूनीकरण नहुनाले तापमान वृद्धि भएको छ। नेपालमा पनि राजधानी काठमाडौँमा बेलाबखत ३६ डिग्रीसम्म तापक्रम मापन गरिएको पाइन्छ। यो जलवायु परिवर्तनको असर हो। नेपालको हिमाली क्षेत्रमा ०.६ डिग्री सेल्सियसको दरले तापक्रम बढ्न गई हिमश्रृंखला पग्लनु, पानीको मुहान सुक्दै जानु, अनावृष्टि र अल्पवृष्टिजस्ता समस्या देखा पर्नु, २ हजार मिटर को उचाइसम्म लामखुट्टे देखा पर्नु, वन्यजन्तु लोप हुनु, हैजाजस्ता रोग फैलनु, विनाशकारी आँधी र बाढी आउनु, नदीनालाको सतह घट्दै जानु आदि वातावरण तथा ओजोन तह विनाशबाट उत्पन्न परिणामहरु हुन्।

६ दशकअगाडि नेपालको जनसंख्या करिब ५० लाख थियो भने हाल २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ। तर वन, जंगल र जमिनको क्षेत्र बढेको छैन, जमिनको उत्पादकत्व बढेको छैन। कृषि आकाशे पानीमा निर्भर छ, आयातीत बीउ, रासायनिक मल र कीटनाटक विषादीको प्रयोगबाट उत्पादन केही मात्रामा बढेको भए तापनि गुणस्तरीय र स्वस्थ खाद्यान्न पाउनु चुनौती भएको छ। सन् १९७०-८० को दशकतिर अम्लीय वर्षाको समस्या चर्चामा थियो भने अहिले जलवायु परिवर्तनको चर्चा विश्वभर व्यापक छ।

नेपालजस्तो कम विकसित देशमा औद्योगिक तथा सहरी विकासको क्रममा जल तथा वायु प्रदूषण र फोहरमैलाको समस्या र ग्रामीण भेगमा वन विनाश चुनौती बन्दै गएको छ। प्राकृतिक स्रोतको उच्च प्रयोगबाट श्रृजना भएको भू-क्षय, बाढीपहिरो, कृषि उत्पादन र वनको उत्पादकत्वमा कमी जस्ता समस्याहरू वृद्धि भएका छन्। यी समस्याले जनस्वास्थ्यमा समेत प्रतिकूल असर पारिरहेको छ। वनविनाश, भू-क्षय, बाढीपहिरोका साथै प्रदूषण एवं जलवायुको असरजस्ता वातावरणीय समस्या ठूलो चुनौती भएकाले सोको समाधान गर्नु अति आवश्यक भएको छ। सोका लागि युवा शक्तिको प्रमुख भूमिका रहने हुन्छ।

वातावरण संरक्षण हावा, पानी, माटो आदि जैविक वस्तुहरूको अस्तित्वका लागि अति आवश्यक हुन्छ। यी जैविक वस्तुमा भएको वातावरण विनाशको मात्राले पनि बृहत्रूपमा प्रभाव पार्छ। जीवजन्तु, वनस्पति र स्वयं मानिस पनि वातावरण विनाशको मात्राबाट अलग रहन सक्दैन।

मानवको अस्तित्व उसको वरिपरिको वातावरण तथा पर्यावरण एवं परिस्थितिमा निर्भर गर्छ। मानिसको अस्तित्वका लागि वनजंगल, जल आदिमा पाइने प्राणी तथा वनस्पति आवश्यक हुन्छन्। वनजंगल, जल आदिको अस्तित्व संकटमा पर्नु भनेको मानव जीवन नै पूर्ण संकटमा पर्नु हो। मानिसको आफ्नो अस्तित्वका लागि प्रकृतिबाट धेरै वस्तुहरू ग्रहण गर्छ, जुन वातावरणीय विकासबाट ग्रहण गर्नु राम्रो हुन्छ, न कि वातावरणीय विनाशबाट।

नेपालको सन्दर्भमा अनियन्त्रितरूपमा डोजर चलाई प्राकृतिक स्रोतसाधनको दोहन, होहल्ला, आवाज तथा हर्न, कारखानाको ध्वनि, सिमेन्ट, गिट्टी, इंटा उद्योग आदिले वातावरण विनाश भई सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पारेको छ। फोहोर मैला व्यवस्थापनका लागि उचित ल्याण्डफिल्ड साइड नहुनुलाई पनि वर्तमान वातावरण विनाशको एक प्रमुख तत्वका रूपमा लिन सकिन्छ। घरायसी प्रयोजनबाट, कारखानाबाट, अस्पतालबाट, सडेगलेका वस्तुहरूबाट वायु, जल, माटो आदिमा हानिकारक तथा घातक फोहोरमैला निस्कन्छ। यसको उचित व्यवस्थापनको अभावले पनि वातावरणमा तीव्र हानि पुऱ्याउँछ।

यस्तै भू-क्षय, हरितगृह प्रभाव, ओजोन तह विनाश, अम्ल वर्षा, वन विनाश, सवारी साधन तीव्र वृद्धि, अनियोजित सहरीकरण, अनियोजित औद्योगीकरण, जनसंख्या वृद्धि, जनचेतनामा कमी आदि कारक तत्वबाट वातावरण विनाश हुने भएकाले पग्लिंदो हिमश्रृंखलाजस्ता जल्दोबल्दो समस्या आदि वातावरण विनाशको कारक तत्वका उपज हुन ? वातावरण विनाशबाट जलवायुमा परिवर्तन भई वर्षायाममा वर्षा नभई धान, मकै, आलुजस्ता कृषि उत्पादनमा ठूलो असर परेको छ। सबैले निहित स्वार्थ त्यागने, जनचेनतनामा वृद्धि, वन संरक्षण, बढ्दो सवारी साधनको नियन्त्रण, भू तथा जलाधारको संरक्षण, जनसह भागितामा वृद्धि, विद्यार्थीको भूमिका, गैर सरकारी संस्थालाई उचित प्रयोग, नैतिक शिक्षा, आमसञ्चार तथा दिगो योजनाकार संरक्षणका मुख्य संरक्षक तत्वहरू हुन्। हामी सबै यसतर्फ लाग्नु जरुरी छ, नत्र नेपाल आमाले सराप्ने छिन्। पृथ्वी हामी र हाम्रा सन्तति सबैको साझा फूलबारी हो।

अत: विश्वकै अपार प्राकृतिक सम्पदाको धनी राष्ट्र नेपालमा वातावरण संरक्षण गरी ओजोन तह बचाई बिहानीको सुनौलो सगरमाथा, शीतल फेवातालमा परावर्तित माछापुच्छ्रेको छाया, लालीगुराँसको फूलबीच लुकामारी खेल्ने डाँफेचरी, मुनाल, कालिजजस्ता चराचुरुङ्गी, चारकोसे झाडीले प्रसिद्धि कमाएका हाम्रा जंगल अनि त्यसमा छुनुमुनु गर्ने हरिण, मृग, कस्तूरी, शावक, गैँडाका केटा, हात्तीका छावा र कोइलीका मधुर स्वर संरक्षण गर्नु हाम्रो दायित्व मात्र नभई कर्तव्य पनि हो। यो कर्तव्य पालना गर्न सके मात्र हरेक वर्ष अप्रिल २२ मा मनाइने विश्व पृथ्वी दिवसले सार्थकता पाउनेछ। यसको प्रमुख भूमिका युवाको काँधमा छ भन्नुमा अत्युक्ति नहोला।

*साभार : कारोबार दैनिक*

# नेपाली अर्थतन्त्रका विरोधाभास



डा. प्रकाशकुमार श्रेष्ठ




नेपालीले तीव्र आर्थिक समृद्धिको अपेक्षा गरेका छन्। नेपालको आर्थिक समृद्धिका गति अपेक्षाभन्दा सुस्त छ। समृद्धिको तीव्र अपेक्षाले गर्दा नै छिटो छिटो राजनीतिक परिवर्तन गर्न नेपाली लाग्ने गरेका छन्। राजनीतिक परिवर्तनको गतिअनुरूप आर्थिक परिवर्तन भएको छैन। नेपाली अर्थतन्त्रका आफ्नै केही विरोधाभास छन्, जसले गर्दा समृद्धिको गति बढ्न सकेको छैन। यस्ता विरोधाभासको पहिचान गरी हटाउनु पर्छ।

विरोधाभास :

पहिलो बेरोजगारीको स्थिति र श्रम अभाव एकैचोटी छ। नेपालमा अहिले पर्याप्त रोजगारी उपलब्ध भएन भनेर लाखौंको संख्यामा युवा वैदेशिक रोजगारीमा गएका छन्। आन्तरिक रूपमा कृषि, निर्माण र केही उत्पादनमूलक उद्योगमा नेपाली श्रमिक उपलब्ध नहुँदा छिमेकी देशबाट आएर काम गर्दैछन्। कृषि क्षेत्रलाई तीव्र दरमा छोड्नु पर्छ भन्ने मनोविज्ञान हाबी भएको छ। निर्माण र उत्पादनमूलक उद्योगमा पनि श्रम प्रधान काम गर्न सामाजिक लाज, अपेक्षितभन्दा कम तलब र पर्याप्त ज्ञानको अभाव आदिले गर्दा नेपालीले उपलब्ध काम गरिरहेका छैनन्। उल्लेख्य संख्यामा वैदेशिक रोजगारीमा गएका कामदारबाट विप्रेषण आप्रवाह बढे पनि देशले जनसाख्यिक लाभ लिन सकेको छैन। धेरै युवा बिदेसिँदा समष्टिगत मागमा कमी भई अर्थतन्त्रमा लगानी बढ्न सकेको छैन।

दोस्रो, समष्टिगत मागमा कमी पनि छ तर व्यापार घाटा बढिरहेको छ। व्यवसायीले अर्थतन्त्रमा मागको कमीले लगानी र आन्तरिक उत्पादन हुन नसकेको भनिरहेका छन्। उल्लेख्य संख्यामा युवा बिदेसिएकाले मागमा कमी ल्याएको पनि छ तर विप्रेषण आप्रवाहले सृजित जुन माग छ, त्यसको ठुलो अंश आयातबाट पूरा भइरहेको छ। जसले गर्दा व्यापार घाटाको आकार बर्सेनि बढिरहेको छ। कुल गार्हस्थ उत्पादनको एक चौथाई जति व्यापार घाटा छ। आयातले स्वदेशमा रोजगारी श्रृजना गर्दैन। मेसिन, प्रविधि, पेट्रोलियम पदार्थ, रासायनिक मल जस्ता वस्तु त नेपालले उत्पादन गर्न नसक्ला तर खाद्यान्न, तरकारी, फलफूल जस्ता कृषि उपज पनि अर्बौं रुपियाँको आयात भइरहेको छ। प्रतिस्पर्धी क्षमता कमजोर हुँदा कृषिजन्य वस्तुमा समेत नेपाली उत्पादनले स्वदेशी बजार लिन सकिरहेको छैन।

तेस्रो, बैंकिङ प्रणालीमा अधिक तरलता छ तर कर्जा प्रवाह बढ्न सकेको छैन। पछिल्ला वर्षमा बैंकिङ प्रणालीमा अधिक तरलता छ। करिब ११ खर्ब रुपियाँ कर्जायोग्य साधन छ। ब्याजदरको ऐतिहासिक रूप न्यून छ तर कर्जा प्रवाह बढ्न सकेको छैन। अर्थतन्त्रमा लगानी बढ्न नसक्दा कर्जाको माग शिथिल छ। कोभिड-१९ पछि शिथिल रहेको अर्थतन्त्रमा पछिल्लो जेनजी विद्रोहले निजी व्यवसायलाई पनि नोक्सानी पुऱ्याएकाले लगानीका लागि पर्याप्त सुरक्षाको पनि कमी देखिन्छ। यसले गर्दा न्यून ब्याजदरमा कर्जा उपलब्ध भए पनि कर्जाको माग बढ्न सकेको छैन। अल्पविकसित देशमा सामान्यतया वित्तीय साधनको कमी हुने गर्छ। हामीकहाँ वित्तीय साधन छ तर उत्पादनशील उपयोग हुन सकिरहेको छैन। सरकारको राजस्व परिचालन पनि शिथिल छ भने पुँजीगत खर्च पनि कमजोर छ।

चौथो, संघीय सरकार घाटामा तर समग्रमा तीन तहका सरकार बचतमा छन्। नेपालको संविधान २०७२ अनुसार नेपाल अहिले वित्त संघीयताको स्थितिमा छ। संघीय सरकारले नियमितरूपमा वित्त हस्तान्तरण गर्छ। प्रदेश र स्थानीय तहले आफैँले बजेट बनाउँछन्। पछिल्ला वर्षमा प्रदेश र स्थानीय तहको पर्याप्त क्षमता नहुँदा बजेट खर्च गर्न सकेका छैनन्। आर्थिक वर्षको अन्तमा केही खर्च हुने गरे पनि आर्थिक वर्षको अधिकांश महिनामा संघीय सरकार बजेट घाटामा रहने, ऋण उठाउने तर समग्रता सरकारी क्षेत्रको उल्लेख्य बचत केन्द्रीय बैंकमा रहने गरेको छ।

२०८३ को वैशाख ८ गतेसम्म तीन तहको सरकारको समग्रमा ३८५ अर्ब बचतमा रहेको छ जबकि २०८२ चैत मसान्तसम्म संघीय सरकारले २८४ अर्ब आन्तरिक ऋण र ६४.५ अर्ब बाह्य ऋण परिचालन गरेको छ। संघीय सरकारले ऋण लिएर ब्याज तिर्ने तर समग्रतामा सरकारको अर्बौं रुपियाँ निर्ब्याजी बैंकमा बस्ने प्रवृत्तिले सरकारी वित्त व्यवस्थापनको कमजोरी देखाउँछ। यति मात्र होइन यसले गर्दा समग्र नेपालीको ऋणको भार बढिरहेको छ तर सोअनुरूप आर्थिक वृद्धिदर बढ्न सकेको छैन। बढ्दो ऋणभार भविष्यमा कुनै न कुनै रूपमा नेपालीले भुक्तानी गर्नुपर्ने हुन्छ।

पाँचौं सरकारको बजेट विनियोजन यसरी हुने गर्छ कि बजेट भएको आयोजना तथा परियोजना कार्यान्वियनमा जाँदैनन् तर कार्यान्वयन भइरहेकोमा आयोजना तथा परियोजनामा पर्याप्त बजेट हुँदैन जसले गर्दा कार्य सम्पादन भए पनि भुक्तानी हुन नसकेको पाइन्छ। समयमा भुक्तानी नहुँदा निर्माण व्यवसायीले काम गर्न नसकिरहेको अवस्था पनि छ। यसले गर्दा पुँजीगत खर्च पनि बढ्न सकेको छैन भने अर्थतन्त्रमा पुँजी निर्माण हुन नसक्दा आर्थिक वृद्धिदर पनि कमजोर छ।

छैटौं, प्रचुर प्राकृतिक स्रोत छ तर उपयोगको अभावमा देश र जनता गरिबीको स्थितिमा छन्। नेपाल जलस्रोतमा विश्वकै धनी मानिन्छ। पछिल्लो समयमा उपलब्ध जललाई उपयोग गरी जलविद्युत् उत्पादन बढिरहेको छ। जलविद्युत् उत्पादन क्षमताको एक प्रतिशत पनि अझै उपयोग गर्न सकिएको छैन। जलाशययुक्त आयोजना पर्याप्त निर्माण नहुँदा बर्खायाममा बढी विद्युत् उत्पादन र सुक्खायाममा कम उत्पादन हुने गरेको छ। जलविद्युत् उत्पादन आवश्यकताभन्दा बढी पनि छ कम पनि छ, जुन आफैँमा विरोधाभासपूर्ण स्थिति छ। अहिले पनि सुक्खायाममा बिजुली आयात गर्नु परिरहेको छ भने पेट्रोलियम पदार्थको आयात पनि उच्च नै छ। उत्पादित जलविद्युत् पनि महंगो हुँदा उत्पादनमूलक उद्योगको उत्पादन लागत घटाउन सहयोग पुऱ्याएको छैन।

प्राकृतिक स्रोतकै कुरा गर्दा नेपालको ४६ प्रतिशत भूभाग वनजंगलले ढाकेको छ। काठ पनि नेपालले आयात गर्ने गर्छ। काठ मात्र होइन घर निर्माणमा झ्याल ढोका बनाउन आल्मुनियमको आयात पनि उल्लेख्य मात्रामा हुने गर्छ। नेपालले वर्षमा १५ करोड क्युबिक फिट काठ उत्पादन गर्न सक्ने क्षमता रहेकोमा जम्मा २३ प्रतिशत जति मात्र उपयोगमा ल्याउन सकिएको एक अध्ययनले देखाएको छ। बर्सेनि साढे तीन अर्बभन्दा बढीको काठ आयात गर्ने गरेको छ। २०८१/८२ मा करिब आठ अर्ब बराबरको आल्मुनियम आयात भएको थियो। अर्कोतर्फ वनजंगलको तीव्र विस्तारले गर्दा किसान वन्यजन्तुको मारमा परिरहेका छन्। बाँदरले गर्दा धेरै ठाउँमा किसानले खेती गर्न नसकि बसाइँसराइ गरिरहेका छन्। जसले गर्दा अर्को प्राकृतिक साधनका रूपमा रहेको जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै गएको छ। यसले भोलि नेपालमा भोकमरीको जोखिम आउन सक्छ।

समाधानका उपाय :

माथि उल्लिखित विरोधाभाष सम्बोधन गर्न सकिएमा समृद्धिका गति बढ्न सक्छ। युवालाई जे जस्तो उपलब्ध रोजगारी रहेको सो ग्रहण गर्ने र क्षमता विस्तार गर्दै जाने रणनीति अपनाउन उत्प्रेरित गरिनु पर्छ। श्रमको सम्मानको संस्कृति विकास गरिनु पर्छ। श्रम बजारको माग अनुरूपको शिक्षा र सिपको उपलब्धता हुनुपर्छ। धेरै रोजगार श्रृजना गर्ने उद्योगधन्दालाई प्रोत्साहन दिनुपर्छ भने उद्यमशीलता विकासलाई जोड दिनु पर्छ।

दोस्रो विरोधाभासको समाधान गर्न निर्यात प्रवर्धन र आयात प्रतिस्थापनको रणनीति लिनु पर्छ। दुवैका लागि नेपाली उत्पादनको प्रतिस्पर्धी क्षमता बढाउनुपर्ने आवश्यकता छ, जुन उत्पादन लागत घटाएर मात्र सम्भव हुन्छ। यसका लागि जग्गाको उपलब्धता र सहुलियतमा विद्युत् महसुल उपलब्ध गराउन सक्नु पर्छ। अल्पविकसित मुलुक बाट स्तरोन्नतिपछि नेपालको निर्यात थप प्रभावित हुने अवस्था छ। उच्च मूल्यका वस्तुहरू उत्पादन, छिमेकी देशको उत्पादन संरचनामा आइरहेको परिवर्तनअनुरूप उत्पादन क्षमता वृद्धि, आर्थिक कूटनीति र वैदेशिक लगानी आकर्षण गरेर वैदेशिक बजार विस्तारका काम गरिनु पर्छ।

तेस्रो विरोधाभासको समाधान गर्न सरकारले आयोजना लक्षित आन्तरिक ऋणको परिचालन गर्ने, सरकारी संस्थानहरूले पनि बन्डहरू जारी गरेर आफ्नो क्षेत्रमा लगानी अभिवृद्धि गर्नु पर्छ। नेपाल एयरलाइन्सले जहाज किन नसकिरहेको अवस्था छ। प्राय: सबै सरकारी संस्थानको पुनर्सरचना गर्नुपर्ने खाँचो छ। स्वदेशी उत्पादनको उपभोग बढाउन सकिएमा निजी क्षेत्रले कर्जा लिएर लगानी बढाउन सक्छ। निर्यात प्रवर्धन र आयात प्रतिस्थापन रणनीतिले पनि थप लगानीको माग गर्छ, जसका लागि कर्जा प्रवाह बढ्न सक्छ।

चौथो विरोधाभाष सम्बोधन गर्न तल्लो तहका सरकारले खर्च गरेपछि मात्र भुक्तानी गर्ने गरी रकम हस्तान्तरण गर्ने व्यवस्था गरिनु पर्छ। यसका अतिरिक्त नगद व्यवस्थापनका लागि अन्तर सरकारी ऋण लिन सक्ने व्यवस्था गरिनु पर्छ। प्रदेश सरकारलाई पनि एउटा निश्चित सीमासम्म नगद अभावमा केन्द्रीय बैंकबाट अधिविकर्ष लिन सक्ने व्यवस्था गरिनु पर्छ। स्थानीय र प्रदेश तहको कार्यक्षमता अभिवृद्धिमा संघीय सरकारले सघाउनु पर्छ। संघीय सरकारले छिनामसिना पूर्वाधार निर्माणका काममा कदापी लाग्नु हुँदैन।

*साभार : गोरखापत्र*

# बाघको आक्रमणबाट घाइते भएकाहरू दोहोरो मारमा

सन्देश संवाददाता



नेपालगञ्ज/सप्ती सोनारी गाउँपालिका-१, गाभर बस्तीमा ४२ वर्षीया पुष्पा तामाङ घरको पेटीमा बसिरहेकी थिइन् । टाउकोमा रातो सल बेरेकी उनी बाहिर हेर्दा जति स्वस्थ्य देखिन्छिन्, भित्र त्यति स्वस्थ्य छैनन् । ६ वर्षअघि २०७६ को असारमा उनी छेउकै भवानी सामुदायिक वनमा घाँस काट्न गएकी थिइन् । पछाडिबाट बाघले झम्टियो । नंग्राले टाउकाको बायाँ भागमा गहिरो घाउ बनायो । उनी बेहोस भइन् । साथीहरुको हारगुहार पछि बाघ जंगलतर्फ भाग्यो । सँगै गएका साथीले उनलाई अस्पताल पुऱ्याए । पछि शिक्षण अस्पताल कोहलपुरमा टाउकोमा ६० वटा टाँका लगाइयो ।

'बाहिरबाट हेर्दा ठिकै देखिन्छु, तर भित्री पीडा मलाईमात्र थाहा छ,' उनी भन्छिन्-बाघबाट त बाँचें, तर पैसाको अभावले अब बाँच्न गाह्रो छ । बाँके र बर्दियामा बाघको आक्रमणबाट घाइते भएकाहरु दोहोरो मारमा छन् । एकातिर जीवनभर को शारीरिक अशक्तता, अर्कोतिर उपचारले थोपरेको ऋणको भार । सरकारले गम्भीर घाइतेलाई दिने राहत रकम बढीमा पाँच लाख छ । तर, उपचार खर्च त्यसभन्दा निकै धेरै हुन्छ ।

राहत पाउने प्रक्रिया लामो र झन्झटिलो छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरुमा बाघ संरक्षणाका जुन कार्यक्रमलाई उपलब्धिका रुपमा प्रस्तुत गरिरहेको छ, त्यही संरक्षणको प्रत्यक्ष मूल्य तिरिरहेका छन् जंगलछेउका गरिब बासिन्दा ।

पुष्पाको उपचारमा सुरुको तीन दिनमै ५० हजार खर्च भयो । तर, त्यसले उनलाई पूर्णरुपमा निको पारेन । हाल पनि उनलाई टाउको दुखिरहने, बायाँ हातखुट्टा नचल्ने, बेलाबेला बेहोस हुने समस्या छ । खाना पकाउँदा सुर पाउन्नन्, शौचालय जाँदा लामो समय बसिर हन्छिन् । एकछिन पनि एक्लै छाड्न मिल्दैन । पुष्पाका ४५ वर्षीय पति मित्रलाल तामाङको जीवन पनि पुष्पा र परिवारकै रेखदेखमा बितिरहेको छ । वैदेशिक रोजगारीका लागि मलेसिया र कतारसम्म पुगेका उनी पत्नीको हेरचाहकै लागि घर फर्किए । गाउँमै फर्निचर मिस्त्रीको काम त गर्छन्, तर पत्नीको अवस्थाले यो काम पनि नियमित छैन । तीन जना छोराछोरी, वृद्ध बुबाआमा र बिरामी पत्नीको जिम्मेवारी उनको एक्लो काँधमा छ । 'हातमा सिप छ । तर, काम गर्न जान सक्दिनँ,' मित्रलाल भन्छन्-औषधि किन्ने पैसासमेत छैन ।

पुष्पालाई मासिक साढे तीन हजारको औषधि लाग्छ । अस्पताल आउजाउको भाडा जोड्दा महिनामा करिब पाँच हजार खर्च छ । गर्मी र जाडो दुवै मौसममा चिसोपानी चाहिने भएकाले घरमै बरफ जमाएर राख्नुपर्छ । विभिन्न सहकारीबाट ऋण लिएर उनले उपचार र औषधि खर्च पुऱ्याइरहेकी छन् । ऋण सात लाख नाघिसकेको छ । सम्पत्तिका नाममा ऐलानी जग्गामा बनेको कच्ची घर र चार कठ्ठा जमिन छ । 'बाघको मुखबाट ज्यान त जोगाएँ । तर, बाँचें पनि मरेसरह भएकी छु,' उनी भन्छिन् ।

बर्दियाको बारबर्दिया-१० की जुना चौधरी खेतमा काम गर्न जाँदा तर्सिन्छिन् । दिउँसो धान काट्दै गर्दा उनलाई ५ वर्ष पहिले बाघले आक्रमण गरेको थियो । 'एक्कासि झम्टियो,' उनी भन्छिन्-शिरदेखि पाउसम्म खुनले नुहाएजस्तो भएकी थिएँ । उनले १५ दिन अस्पतालमा बिताइन् । 'अझै राम्रोसँग उपचार गर्न बाँकी छ,' उनी भन्छिन्-साढे तीन लाखभन्दा बढी खर्च भइसक्यो । अझै हात राम्रोसँग चल्दैन । जुनाका पति प्रहरी हुन्, उनको तलबले चार जनाको परिवार पाल्न मुस्किल छ । लामो प्रक्रिया पूरा गरेपछि जुनाले बर्दिया निकुञ्जबाट एक लाख ३५ हजार राहत त पाइन्, तर त्यसले एकछेऊ पनि लागेन ।

*न्यून राहत*

वन ऐन र राष्ट्रिय निकुञ्ज ऐनअनुसार बनाइएको मानव-वन्यजन्तु द्वन्द्व राहत निर्देशिकाले वन्यजन्तुपीडितलाई राहत र क्षतिपूर्ति दिने व्यवस्था गरेको छ । १ साउन २०८० देखि लागु भएको संशोधित निर्देशिकाअनुसार वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका व्यक्तिका परिवारले १० लाख पाउँछन् । जीवनभर शारीरिक अशक्त बन्ने व्यक्तिलाई एकमुष्ट पाँच लाख र गम्भीर घाइतेलाई अधिकतम् दुई लाखसम्म राहत दिने व्यवस्था छ ।

तर, उक्त रकम पीडितले उपचारका क्रममा गर्ने वास्तविक खर्चभन्दा थोरै छ र प्रक्रिया झन्झटिलो भएकाले त्यही पाउन पनि महिनौं लाग्छ । डिभिजन वन कार्यालय बाँके प्रमुख शंकरप्रसाद गुप्ताका अनुसार प्रक्रियाको पहिलो चरणमा घटनाको ३५ दिनभित्र वडा कार्यालय र प्रहरीले मुचुल्का तयार पार्नुपर्छ । त्यसपछि चिकित्सकको प्रेस्क्रिप्सन, स्थानीय तहको सिफारिससहित पीडितको निवेदन सबडिभिजन वन कार्यालयमा दर्ता गराउनुपर्छ । सबडिभिजनले स्थलगत् जाँचबुझ गरेर डिभिजन वन कार्यालयमा सिफारिस पठाउँछ । डिभिजन कार्यालयले समिति गठन गर्छ । समितिले वन मन्त्रालयमा राहत तथा उपचार खर्च सिफारिस गर्छ । मन्त्रालयले उक्त फाइल राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाउँछ । विभागले मन्त्रालय हुँदै सम्बन्धित डिभिजन वन कार्यालयको खातामा रकम पठाउँछ । त्यसपछि मात्र पीडितलाई डिभिजन कार्यालयले रकम दिन्छ । 'पीडितलाई रकम त आउँछ, प्रक्रिया साह्रै ढिलो हुन्छ,' गुप्ताले भने । गुप्ताका अनुसार उपचार खर्च दिने कोष डिभिजन वन कार्यालयसँग हुँदैन । सबै रकम मन्त्रालयबाट निकासा हुनुपर्छ । 'राहत वितरणको काम सुरुमै डिभिजन वन कार्यालयमार्फत् गर्दा सहज र छिटो हुने थियो,' उनले भने ।

डिभिजन वन कार्यालय बाँकेका सूचना अधिकारी सुशील सुबेदी निर्देशिकालाई समयक्रमसँगै परिमार्जन गरिएको भए पनि पीडितलाई राहत दिने प्रक्रियामा अझै पनि समस्या रहेको स्वीकार्छन् । 'पीडितको आवश्यकताअनुरुप रकम पर्याप्त छैन,' उनले भने-नीतिगत्रुपमा निर्देशिका परिमार्जन भइरहेको छ। तर, व्यवहारिकरुपमा पीडितले राहत पाउने प्रक्रियामा अझै समस्या छन् । वन्यजन्तु आक्रमणका घटना बढ्दै गए पनि त्यसलाई कम गर्नेतर्फ सरकारले ध्यान नदिँदा स्थानीय बासिन्दामा आक्रोश बढ्दै गएको छ । २३ जेठ २०७९ दिउँसो चितुवाको आक्रमणमा बर्दियाको मधुवन-२ की ४१ वर्षीया अस्मिता थारु घाइते भएपछि आक्रोशित स्थानीय बर्दियाको गुलरिया-राजापुर सडकखण्ड बन्द गरेर आन्दोलनमा उत्रिएका थिए ।

प्रदर्शनकारी र प्रहरीबीच भएको झडपमा गोली लागेर मधुवन-२ की १८ वर्षीया नवीना चौधरीको मृत्यु भयो । नवीनाको मृत्यु भएपछि तीन दिनसम्म बर्दियाको मधुवन क्षेत्र तनावग्रस्त बन्यो । मृतकका परिवारलाई २० लाख दिने र घाइतेको नि:शुल्क उपचार गर्ने आश्वासन दिएर जनताको आक्रोशलाई थामथुम पारियो । आक्रमणका घटना बढ्दै गएपछि प्रधानमन्त्री अध्यक्ष रहेको राष्ट्रिय बाघ संरक्षण समितिको ४ साउन २०७९ मा प्रधानमन्त्री बाघ संरक्षण तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्ने निर्णय गऱ्यो । त्यसको मुख्य उद्धेश्य बाघ संरक्षणसँगै बाघको बासस्थान क्षेत्रआसपास स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गर्नु र मानव-बाघ द्वन्द्व घटाउनु छ । कार्यक्रम सञ्चालनका लागि एक अर्बको कोष खडा गर्न वन मन्त्रालयले अर्थ मन्त्रालयलाई र कम निकासाका लागि आग्रह गरेको थियो । तर, हालसम्म बजेट विनियोजन भएको छैन ।

पर्साको गुठीको ५ बिघा अतिक्रमित जग्गा खाली

# ३८० घरटहरा हटाइयो



वीरगञ्ज/पर्साको सखुवा प्रसौनी गाउँपालिका-५ स्थित गण्डक नहर किनारमा रहेको गुठीको अतिक्रमित ५ बिघा जग्गा खाली गराइएको छ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको पहलमा बिहानैदेखि ७ वटा डोजर प्रयोग गरी अतिक्रमण हटाउने काम गरिएको गाउँपालिका अध्यक्ष यशवंत यादवले जानकारी दिए।

उनका अनुसार उक्त क्षेत्रमा रहेका ३८० वटा घरटहरा खाली गराइएको छ। गाउँपालिकाले बिगत दुई वर्षदेखि अतिक्रमण क्षेत्र हटाउने प्रयास गर्दै आएता पनि सफल हुन सकेको थिएन। केही दिनअघि मन्त्री महतो स्वयं स्थलगत निरीक्षणमा पुगेपछि अभियानलाई तीव्रता दिइएको हो।

"अहिले पनि खाली गराउने काम जारी रहेको छ। ३८० घर टहरा हटाइसकिएको छ," अध्यक्ष यादवले भने, "माननीय गृहमन्त्रीको विशेष पहलमा अभियान प्रभावकारी रूपमा अघि बढेको हो।" यसैबीच, सोही गाउँपालिकाको मधुवन क्षेत्रमा रहेको गुठीको थप २९ बिघा अतिक्रमित जग्गा पनि खाली गराउने कार्य जारी रहेको मन्त्री महतोले बताए। अभियानका लागि करिब ३०० जना नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको उनले जानकारी दिए।

प्रशासनले सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण नियन्त्रणलाई प्राथमिकता दिँदै यस्ता अभियानलाई निरन्तरता दिने जनाएको छ।

# ११ पुगे 'मिराकल ब्वाय'



हेटौंडा/२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्पले देशभर ठूलो जनधनको क्षति पुऱ्यायो । तर, त्यही विपत्तिको बीचबाट केही आशाका कथाहरु पनि जन्मिएका थिए । तीमध्ये एक हुन्– 'मिराकल ब्वाय' भनेर चिनिएका सोनिश अवाल ।

भूकम्प हुँदा मात्र ४ महिनाका रहेका सोनिश आफ्नै घरको भग्नावशेषमा पुरिएका थिए। सबैले आशा लगभग त्यागिसकेको अवस्थामा उनलाई करिब २२ घण्टापछि जीवित उद्धार गरिएको थियो । त्यसक्षण धेरैका लागि चमत्कारभन्दा कम थिएन। उद्धार पछि उनको स्वास्थ्य अवस्था सामान्य बन्दै गयो र समयसँगै उनी स्वस्थ्यरुपमा हुर्किंदै आए । हाल सोनिश झण्डै ११ वर्षका भइसकेका छन्। उनको जीवनकथा हाल धेरैका लागि प्रेरणाको स्रोत बनेको छ । विपत्तिका बीच पनि जीवनले जित्न सक्छ भन्ने सन्देश दिने सोनिशको कथा उत्तिकै भावुक र शक्तिशाली छ । सामाजिकसञ्जालमा धेरैले उनलाई दीर्घायु र सफल भविष्यको कामना गरिरहेका छन्।

# भारतका डेढ दर्जन सीमावर्ती बजार सुनसान

बिरगञ्ज/नेपाल-भारत खुला सीमामा १ सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार महसुल लिने व्यवस्था कडाइका साथ लागू भएपछि सुनौली, नौतनवा, रक्सौल, बैरगनिया, सोनबर्सा, भिट्टाभोड, मधवापुर, जयनगर र कुनौलीसहित डेढ दर्जनभन्दा बढी भारतीय सीमावर्ती बजारहरू नेपाली ग्राहक बिहीन हुन थालेका छन्।

दार्चुलादेखि दार्जीलिंगसम्म फैलिएको नेपाल-भारत सीमामा जोगबनी र बनबसासहितका प्रमुख व्यापारिक केन्द्रहरूमा पनि नेपाली ग्राहकको संख्यामा उल्लेखनीय गिरावट देखिन्छ। झापाको काकडभिट्टा र भद्रपुरदेखि पश्चिममा कञ्चनपुर सम्मका प्रमुख तथा साना भन्सार नाकाहरूमा भन्सार छली नियन्त्रणका नाममा व्यापक कारबाही भइरहेको छ । पूर्वमा सिलिगुडीनजिकैको पानीटंकी बजारदेखि पश्चिममा कञ्चनपुरसँग जोडिएको बनबसा सम्म एउटै चित्र देखिन्छ। नेपाली ग्राहकविनाका सुनसान पसल र मारमा परेका छन् भारतीय व्यापारी।

बिहार र उत्तर प्रदेशका सीमावर्ती बजारमा व्यवसाय गर्ने व्यापारीहरू नेपाली ग्राहक घटेपछि ठूलो नोक्सानमा परेका छन् । महोत्तरीको सम्सी नाकासँग जोडिएको भारतीय बजार कनमामा त पहिले दैनिक सयौँ नेपाली उपभोक्ता किनमेलका लागि जाने गर्थे, तर अहिले आवतजावतमा निगरानी बढेपछि त्यहाँको व्यापार निकै घटेको छ । विवाह र व्रतबन्धको सिजन भए पनि सीमापारिका बजार भने सुनसान देखिन थालेका छन् ।

रक्सौल, बैरगनिया, सोनबर्सा, भिट्टाभोड, मधवापुर र जयनगर जस्ता प्रमुख व्यापार केन्द्रहरू नेपाली ग्राहकमाथि अत्याधिक निर्भर थिए र यी बजारमा नेपाली मुद्रामा कारोबार हुने गर्थ्यो । तर, अहिले ती बजारहरू पनि रौनकविहीन बन्दै छन्। रूपन्देहीसँग जोडिएको सुनौली र नौतनवामा त अवस्था अझ दयनीय छ । यसअघि प्रदान गरिएको जानकारीमा भनिएभन्ै सुनौलीस्थित हरिओम जनरल स्टोर्सजस्ता पसलमा नेपाली उपभोक्ताको संख्या ७५ प्रतिशतभन्दा बढीले घटेको छ ।

बाँकेको जमुनाह नाकामा १ रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने प्रावधान कडाइका साथ कार्यान्वयन हुन थालेपछि नेपाली सीमापार किनमेल गर्न हच्किएका छन् र भारतीय बजार रुपैडिहामा व्यापार घटेको छ । यी बजारहरूमा दसैं-तिहारदेखि विवाहसम्मका हरेक अवसरमा नेपाली ग्राहकको भिड लाग्ने गर्थ्यो, जुन अहिले इतिहास मात्र बन्न थालेको छ ।

# विकासशीलमा स्तरोन्नतिपछि औषधिको मूल्य बढ्नसक्ने



काठमाडौं/उद्योग विभागका महानिर्देशक जीतेन्द्र बस्नेतले नेपाल अल्पविकसित मुलुक (एलडीसी) बाट विकासशील मुलुकमा स्तरोन्नति भएपछि औषधि र खोपको मूल्यमा उल्लेख्य वृद्धि हुनसक्ने खतरा रहेको बताएका छन्।

राजधानीमा आयोजित एक कार्यक्रममा उनले एलडीसी ग्रजुएसनपछि नेपालले अन्तर्राष्ट्रिय व्यापारमा पाउँदै आएका विभिन्न छुट र सुबिधाहरु कटौती हुने भन्दै यसले विशेषगरि औषधि उत्पादन क्षेत्रमा ठूलो प्रभाव पार्ने बताए । महानिर्देशक बस्नेतका अनुसार नेपाल हाल अल्पविकसित राष्ट्रको सूचीमा रहेकाले औषधि र खोप उत्पादन गर्दा बौद्धिक सम्पतिको प्याटेन्ट अधिकार नलिएर उत्पादन गर्न पाउने विशेष सुबिधा उपभोग गरिरहेको छ। तर, स्तरोन्नति भएपछि नेपालले प्याटेन्ट अधिकार भएका कम्पनीहरुलाई रोयल्टी तिर्नुपर्ने हुन्छ । यसले गर्दा नेपालमै उत्पादन भइरहेका औषधिको मूल्य स्वाट्टै बढ्नसक्ने अवस्था रहने उनको भनाइ छ।

उनले औषधी र खोपको मुख्य बढ्दा निजीक्षेत्र र औषधि व्यवसायमा संलग्न उद्यमीहरुलाई प्रत्यक्ष असर पुऱ्याउने बताए । व्यापारिक सहुलियतहरु हट्दा र उत्पादन लागत बढ्दा हालको करप्रणालीमा समेत परिवर्तन ल्याउनुपर्ने स्थिति आउने बताउँदै उनले नेपालले भारत र अन्य तेस्रो मुलुकसँगको व्यापारमा पाउँदै आएका सुबिधाहरु पनि एलडीसी ग्रजुएसनपछि नपाउने स्थिति रहने बताए। महानिर्देशक बस्नेतका अनुसार यस चुनौती औषधि क्षेत्रमा मात्र सीमित नभइ अन्य थुप्रै क्षेत्रमा पनि देखिनेछ । भविष्यमा आउनसक्ने यस्ता जोखिम सम्बोधन गर्न सरकारले हाल नै ठोस जोखिम न्यूनीकरण रणनीति बनाएर अघि बढ्नुपर्नेमा उनले जोड दिए। यस्ता परिवर्तनले व्यावसायिक वातावरण र उपभोक्ताको क्रयशक्तिमा समेत प्रभाव पार्ने भएकाले यसबारे गम्भीर भएर सोच्नुपर्ने बेला आएको उनको भनाइ छ।

महिला च्यालेन्ज ट्रफी
अमेरिकासँग नेपालको लज्जास्पद हार



काठमाडौं/आइसिसी महिला टी-२० आई च्यालेन्ज ट्रफीमा अमेरिकाविरुद्ध नेपालले लज्जास्पद हार व्यहोरेको छ। रुवान्डामा संघर्षपूर्ण ब्याटिङ गरेको नेपाल सात विकेटले पराजित भएको हो ।

पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर मात्र ८६ रनको योगफल बनाएको थियो । विकेटकिपर रुबी पोद्दारले अर्धशतकीय पाली खेल्नुबाहेक अन्य खेलाडीले उल्लेख्य रन जोड्न सकेनन् । ५१ बलमा नटआउट ५१ रनको योगदान गरेकी पोद्दारले पाँच चौका र एक छक्का प्रहार गरिन् ।

ओपनर सम्झना खड्का पहिलो बलमै पेभेलियन फर्किइन् । पूजा महतो, कप्तान इन्दु बर्मा र कविता कुँवरले समान आठ रन बनाउँदा बिन्दु रावल र रोमा थापा (नटआउट)ले तीन तथा कविता जोशीले मात्र एक रन जोडे ।

अमेरिकाकी ऋतु सिंह र माही माधवनले समान दुई तथा अदितिबा सुदासमा र सैनावी कामबलापल्लीले एक-एक विकेट हात पारे ।

जवाफी ब्याटिङ गरेको अमेरिकाले ११.५ ओभरमै मात्र तीन विकेट गुमाएर ८९ रन जोड्यो ।

यसअघि भानुआटुसँग २२ रनले पराजित भएको नेपालले इटाली र रुवान्डालाई हराएको थियो ।

# नेपाल आफैंमा एउटा 'ब्राण्ड'



काठमाडौं/नेपाल तयारी पोशाक उद्योग संघ अध्यक्ष पशुपतिदेव पाण्डेले नेपाल आफैंमा एउटा ब्राण्ड भएको बताउँदै यसलाई उचित तवरले ब्राण्डिङ गर्नुपर्ने बताएका छन्। विश्व बौद्धिक सम्पति दिवसका अवसरमा राजधानीमा आयोजित एक कार्यक्रममा पाण्डेले नेपालमा ब्राण्डको समस्या नरहेको बताएका हुन्। उनका अनुसार नेपालका स्थानीय नाम नै ब्रान्डका रुपमा स्थापित हुनसक्छन् । नेपाल देशै ब्राण्ड हो । बाजुरा, सोनाम, लिखुखोला वा मुक्तिनाथ–जुनसुकै नाम राखे पनि ती आफैंमा ब्राण्ड बन्ने उनको भनाइ छ।

उनले नेपाली उत्पादनलाई विश्व बजारमा प्रतिष्पर्धी बनाउन र पहिचान स्थापित गर्न बौद्धिक सम्पति अधिकार कार्यान्वयन अनिवार्य रहेको बताए। तयारी पोशाकलगायत नेपाली उत्पादनमा भइरहेको कपि गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै पाण्डेले मौलिक ब्राण्डिङको आवश्यकता औंल्याए । अध्यक्ष पाण्डेले भने–ब्राण्ड भनेको हाम्रो देशै ब्राण्ड हो। बाजुरा नाम राख्दिए पनि ब्राण्ड, सोनाम राख्दिए पनि ब्राण्ड, लिखुखोला भनेर राख्दिए पनि ब्राण्ड, मुक्तिनाथ राखे पनि ब्राण्ड । हाम्रो देशै ब्राण्ड हो । हामी त्यति उर्वर भूमिमा छौं। हामीले यसमा आत्तिनु पर्दैन। हामीले जुन ब्राण्ड पनि राख्न सक्छौं । हामीले प्रमोट गर्ने भनेको माथि सगरमाथाको चुचुरोदेखि तराईको इण्डियाको बोर्डरसम्मको सम्पूर्ण भागहरुलाई नाम राखेर हामीले ब्राण्डिङ गर्न सक्छौं। त्यही नै हाम्रो भलो हो। ताकि, हामीले अरुको कपि गरेर हाम्रो उन्नति हुँदैन। हाम्रो तयारी पोशाकलगायत वस्तुमा पनि विभिन्न कपि छन्, त्यसलाई निर्क्यौल गरेर घटाउँदै जानुपर्छ।

'मेरो उत्पादन, मेरो देश, विश्व बजार' भन्ने नारासाथ अघि बढ्न उद्यमीहरुलाई आग्रह गर्दै उनले अन्तर्राष्ट्रि स्तरमा प्रभुत्व जमाउनका लागि बौद्धिक संरक्षणको कामलाई तीव्रता दिनुको विकल्प नरहेको बताए। नेपालमा उपलब्ध ढाका, अल्लो, हेम्प (गाँजा), जडीबुटी, यार्सागुम्बा, शिलाजित जस्ता बहुमूल्य प्राकृतिक स्रोतहरुको परिचालनमा कानुनी समस्या रहेको बताउँदै उनले नयाँ सरकार र कर्मचारीतन्त्रलाई ती कानुनी गाँठो तत्काल फुकाउन आग्रहसमेत गरे। उनले हाल उद्योग विभागमार्फत् हुँदै आएका बौद्धिक सम्पत्तिसम्बन्धि कामहरु अपर्याप्त रहेको भन्दै छुट्टै बौद्धिक सम्पति विभाग स्थापना गर्न सरकारसँग माग गरे।

## एमआरपी तत्काल लागु गर्न निजीक्षेत्र असक्षम

काठमाडौं/नेपाल राष्ट्रिय व्यवसायी महासंघ अध्यक्ष मनोजबाबु श्रेष्ठले वर्तमान आर्थिक संरचना र करप्रणालीका कारण अधिकतम् खुद्रा मूल्य (एमआरपी) लागु गर्न निजीक्षेत्र असक्षम रहेको बताएका छन् । महासंघको ८ औं वार्षिक साधारणसभालाई आइतबार सम्बोधन गर्दै उनले एमआरपी तत्काल कार्यन्वयन गर्न नसक्ने बताएका हुन् ।

उनले नेपालमा एमआरपीको व्यवहारिकता माथि पनि प्रश्न उठाए। सानो अर्थतन्त्र भएको देशमा एमआरपी कति आवश्यक छ र त्यसलाई कार्यान्वयन गर्न कति सक्षम छौं भन्ने विषय सरकारले स्पष्टरुपमा बुझ्नुपर्ने उनको भनाइ छ। उनले सरकारले एमआरपीसम्बन्धि नीति अध्ययन र सरोकारवालासँग समन्वय गरेर ल्याएको हो कि हचुवाको भरमा लागु गर्न खोजेको हो भन्ने स्पष्ट नभएको बताए।

महासंघ एमआरपीको सैद्धान्तिक विरोधी नभए पनि कार्यान्वयनका सम्भावनाबारे गम्भीर छलफल आवश्यक रहेको उनको भनाइ छ। उनले वर्तमान करप्रणाली, उच्च भन्सार दर, न्यून विजकीकरण र व्यापक चोरीपैठारीका कारण बजारमा असमान प्रतिष्पर्धा रहेको उल्लेख गर्दै यस्ता अवस्थाबीच एमआरपी लागु गर्न नसकिने बताए।

एमआरपी कार्यान्वयनका लागि निजीक्षेत्र, अर्थ मन्त्रालय, वाणिज्य विभाग र भन्सार विभाग बीच समन्वय गरेर विस्तृत अध्ययन र छलफल गर्न आवश्यक रहेको उनको भनाइ छ। उनले निजीक्षेत्र सरकारविरोधी नभए पनि सरकारका नीति कार्यान्वयन सम्भाव्य छ कि छैन भन्ने बुझ्नुपर्नेमा जोड दिए । अर्थतन्त्रलाई चलायमान बनाउन कर प्रणालीमा पुनरावलोकन आवश्यक छ। रोजगारी सिर्जना, लगानीमैत्री वातावरण, उपभोक्ता अधिकारका लागि सरकार र निजीक्षेत्रको सहकार्य आवश्यक रहेको उनको भनाइ छ।

उनले कालोसूचीमा परेका व्यवसायीहरुलाई निश्चित समयसीमा उपलब्ध गराइ कालोसूचीबाट हटाउन पनि माग गरे। यसले सरकार, व्यवसायी र बैंक सबैलाई फाइदा पुग्ने उनको भनाइ छ। अव्यवहारिक भन्सार मूल्यांकन, भन्सार दरबन्दी लगायत कारण अवैध व्यापारले प्रश्रय पाएको उल्लेख गर्दै भन्सार कर घटाउन आग्रह गरे।

## क्रिकेट रगंशाला खाली गर्न ३५ दिने अल्टिमेटम



काठमाडौं/आफ्नो हाताभित्र रहेको क्रिकेट रगंशाला खाली गर्न त्रिभुवन विश्वविद्यालयले ३५ दिनको अल्टिमेटम दिएको छ। अतिक्रमित जग्गा फिर्ता ल्याउन ४ बैशाखमा त्रिविले ३५ दिनको सूचना निकालेको थियो। सोहीअन्तर्गत् क्रिकेट रगंशाला पनि परेको हो।


३५ दिने सूचनापछि जसले त्रिविको जग्गा प्रयोग गरेका छन् ती सबै निकायलाई छुट्टाछुट्टै पत्राचार गरी खाली गर्न भनेको हो । त्रिवि, रजिस्ट्रार कार्यालयको सामान्य प्रशासन महाशाखाले नेपाल क्रिकेट संघ क्यानलाई पनि पत्र काटेको छ । त्रिवि-क्यान सम्झौता बैशाख अन्तिममा सकिँदैछ । एक पदाधिकारीका अनुसार यसपटक क्यानसँग सम्झौता गर्ने पक्षमा त्रिवि छैन। वटा संघसंस्था र संगठनलाई ३५ दिनभित्र खाली गर्न पत्र काटिएको छ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं.: ९८४५०१९५८०, ९८४५०३१३४७

# घरजग्गा कारोबारमा विकृतिको अन्त्य कहिले ?

सन्देश संवाददाता

भरतपुर/घरजग्गा तथा आवास व्यवसाय क्षेत्रमा काम गर्दै आएका व्यवसायीहरुले राज्यको नीतिका कारण आत्मबल कमजोर बन्दै गएको बताएका छन् । नेपाल जग्गा तथा आवास विकास महासंघको चौथो महासभाका क्रममा बोल्ने व्यवसायीहरुले वित्तीय पहुँचमा कठिनाइ, कित्ताकाटको समस्या, कानुनी प्रक्रिया असहजजस्ता विषयले व्यवसायीको आत्मबल कमजोर भएको बताएका हुन् ।

देशको अर्थतन्त्रलाई चलायमान बनाउनमा मुख्य भूमिका खेले पनि सरकारी क्षेत्रबाट पाउनुपर्ने सहयोग नपाउँदा धेरैले दु:ख पाएको महासंघ अध्यक्ष विष्णुप्रसाद घिमिरे बताउँछन् । सरकारी नीतिकै कारण व्यवसायी मर्कामा छन् । यस्तो अवस्थामा सरकारले व्यवहारिक पाटोमा पनि नजर लगाउनुपर्छ,' उनी भन्छन्–किनकि, देशभित्र रोजगारी दिलाउने र सरकारको राजस्व संकलनमा ठूलो भूमिका खेल्दै आएको व्यवसायलाई सही नजरबाट हेरिनुपर्छ । व्यवसायीले पनि जग्गा तथा आवास व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउनु आवश्यक रहेको उनले बताए । घरजग्गा व्यवसायको क्षेत्रलाई पनि उद्योगको रुपमा मान्यता दिलाउने योजनाअनुसार महासंघले काम गर्दै आएको उनले बताए ।

सम्भावना धेरै भएर पनि सरकारले व्यवसायीसँग आवश्यक परामर्श र समन्वय नगरिदिँदा समस्या धेरै भएको महासंघ उपाध्यक्ष पुरुषोत्तम पौडेलले बताए । चितवन जस्तो दीगो विकासमा सम्भावित जिल्लामा लगानी गर्ने वातावरण सिर्जना गरिदिने हो भने देशको अर्थतन्त्र अझ उकासिने उनको भनाइ छ । 'विश्वभर बस्दै आएका नेपालीले देशभित्र लगानी गर्ने लक्ष्य राखेका छन् । तर, राज्यले उचित वातावरण नबनाइदिँदा लगानी गर्न डराउनु परेको छ,' उनले भने ।

महासंघ उपाध्यक्ष दीपक कुँवरले व्यवहारिकरुपमा अघि बढ्न सरकारले हदबन्दी सीमा बाँधेर राख्न नहुने बताए । सरकारले हदबन्दी छुटको व्यवस्था गर्नुपर्ने उनले बताए । 'जग्गा किनबेचका लागि कित्ताकाटको समस्याले सबै अन्यौलमा छन्,' उनी भन्छन्–यसले व्यवसायीको आत्मबल कमजोर बनाएको छ । त्यसलाई बलियो बनाउन सरकारले ध्यान दिनुपर्छ । विदेशी नागरिकलाई अपार्टमेन्ट दिलाउने व्यवस्था गर्न सके त्यसबाट राज्यले राम्रो आम्दानी गर्न सक्ने हुँदा घरजग्गा कारोबार गर्ने व्यवसायीलाई हात बाँध्ने काम नगर्न उनले आग्रह गरे ।

महासंघ संस्थापक अध्यक्ष मीनमान श्रेष्ठले देशलाई आधुनिक सहर (स्मार्ट सिटी) बनाउने जिम्मा घरजग्गा तथा आवाससम्बन्धि काम गर्ने व्यवसायीलाई जिम्मा लगाउनुपर्ने सुझाव दिए । लामो समयदेखि स्मार्ट सिटीको नारा लगाउँदै आए पनि नारामा मात्र सीमित भएको भन्दै त्यस्तो कामका लागि दक्षताप्राप्त क्षेत्रलाई जिम्मा दिनुपर्ने उनले बताए । भरतपुरमा पनि स्मार्ट सिटी बनाउने ठाउँ भए देखाइदिन उनले आग्रह गरे ।

चितवन प्रहरीले घरजग्गाको कारोबार गर्दा मर्यादित र विश्वसनीय भएर गर्नुपर्ने सुझाव दिएको छ । चितवन प्रहरीमा आएको निवेदन हेर्दा विगत ९ महिनामा एक हजार ६ सय निवेदन दर्ता हुँदा घर जग्गा तथा शान्तिसुरक्षासम्बन्धि विषयमात्र सात सय रहेको चितवन प्रहरी प्रमुख एवम् प्रहरी उपरीक्षक गोबिन्द पुरीले जानकारी दिए । त्यसमध्ये पनि एक सयवटा निवेदन घरजग्गाको बैना गरेर पछि कारोबार नमिलाएको विषयको भएको उनले बताए ।

'घरजग्गा हेऱ्यो । कुरा मिल्यो, बैना गऱ्यो । तर, पछि घर जग्गा पनि नदिने, बैना रकम पनि फिर्ता नगर्ने समस्या समाजमा व्याप्त छ । यसलाई कम गराउने गरी काम गर्नु आवश्यक छ,' प्रहरी प्रमुख पुरीले भने ।

समाजमा अपराधको शृंखला नै घरजग्गा कारोबारबाट सुरु भएको कतिपय घटनाले देखाएको भन्दै यस व्यवसायलाई पारदर्शी र मर्यादित बनाउनु आवश्यक रहेको उनले बताए । घरजग्गाको विषयमा बिचौलियाको बिगबिगीले सेवाग्राही आजित बन्ने गरेको घटना पनि प्रहरी प्रमुख पुरीले सुनाए ।

# अविर केशरी तालिम सूरू



सन्देश संवाददाता

हेटौंडा/साना तथा घरेलु उद्योगहरुको छाता संस्था मकवानपुर घरेलु तथा साना उद्योग संघको आयोजनामा हेटौंडामा शनिवारदेखि १५ दिने अविर केशरी बनाउने तालिमको शुभारम्भ भएको छ ।

उद्योग वाणिज्य कार्यालय मकवानपुरको आर्थिक सहयोगमा १५ दिने तालिमको एक समारोहका बिच उद्घाटन कार्यक्रम भएको छ । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै कार्यालयका कार्यालय प्रमुख रामप्रसाद भुसालले बिशेष गरेर गृहीणी महिलाहरुलाई लक्षित गरेर तालिम आयोजना गरिएको बताए ।

संघका अध्यक्ष कुमार पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष पौडेलले सहभागिहरुलाई तालिम लिएर प्रमाणपत्र सिरानी हालेर सुत्ने काम नगर्न आग्रहसमेत गरे । उनले यस्ता तालिम आगामी दिनमा हरेक बर्ष आयोजना गरिने र त्यसका लागि उद्योग तथा बाणिज्य कार्यालयलाई तालिमको निरन्तरताको लागि आग्रहसमेत गरे ।

कार्यक्रममा संघका बरिष्ठ उपाध्यक्ष रामहरि तिमल्सिना, महिला उद्यमी समितिका अध्यक्ष चन्दावती पनेरु संघका कोषाध्यक्ष कृष्ण अर्याल प्रशिक्षक रुसन लुईटेललगायतले सहभागिहरुलाई तालिममा सिकेका सिपलाई ब्यवहारमा उतार्न आग्रह गरेका थिए ।

आगामी बैशाख २७ गतेसम्म सञ्चालन हुने तालिममा २० जनाको सहभागिता रहेको अध्यक्ष पौडेलले जानकारी गराए ।

# चैनपुर जेसीजद्वारा भित्तेपात्रो प्रकाशन

सन्देश संवाददाता

हेटौंडा/चैनपुर जेसीज मनहरीले नयाँ वर्ष २०८३ सालको अवसर पारेर शुभकामना आदानप्रदान कार्यक्रमसँगै भित्तेपात्रो विमोचन गरेको छ । शनिबार आयोजित कार्यक्रममा जेसीजले प्रकाशन गरेको भित्तेपात्रो औपचारिकरुपमा विमोचन गरिएको हो ।

कार्यक्रम संयोजक हरिप्रसाद अधिकारीको संयोजकत्व तथा जेसीज अध्यक्ष सुरेश गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर प्रमुख अतिथि थिइन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष मगरले मनहरी गाउं–पालिकामा युवा तथा खेलकुद क्षेत्रको विकासमा जेसीजले खेलेको भूमिकाको प्रशंसा गरिन् । उनले स्थानीय तह र जेसीजबीच सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै आवश्यक सहयोगका लागि पालिका सधैं तयार रहेको बताइन् । नयाँ वर्षको शुभकामना व्यक्त गर्दै उनले सम्पूर्ण पालिकाबासीको सुख, शान्ति र समृद्धिको कामना गरिन् ।

मगरले युवालाई जेसीजमा आबद्ध हुन आह्वान गर्दै पछिल्लो समय युवामा बढ्दो लागुऔषध दुर्व्यसनप्रति चिन्ता व्यक्त गरिन् । यस समस्या समाधानका लागि जेसीजले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिइन् । कार्यक्रममा मनहरी गाउँपालिका वडा–४ का अध्यक्ष प्रकाश थापा, चैनपुर जेसीज संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, अध्यक्ष सल्लाहकार विदुरविक्रम थापा, कार्यकारिणी उपाध्यक्ष राजु सुबेदील–गायतले नयाँ वर्षको शुभकामना व्यक्त गर्दै सामाजिक तथा आवश्यकतामूलक कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने धारणा राखे । कार्यक्रममा जेसीज निवर्तमान अध्यक्ष श्रीकृष्ण ढकालसहित विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

# आजदेखि कक्षा–१२ को परीक्षा



सन्देश संवाददाता

काठमाडौं/यस वर्षको कक्षा–१२ को परीक्षा आज सोमबारबाट सुरु हुँदैछ । परीक्षामा ४ लाख १८ हजार ८ विद्यार्थी सहभागी हुँदैछन् । गत वर्षको तुलनामा यस वर्ष करिब ९० हजार विद्यार्थी घटेका छन् । गत वर्षसम्म पुरानो कोर्षका विद्यार्थी सहभागी थिए । त्यसले गर्दा विद्यार्थी संख्या बढेको पनिकाको भनाइ छ ।

परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले पुरानो कोर्ष अध्ययन गर्ने विद्यार्थीले ३ वषसम्म परीक्षा दिने अवसर पाएका कारण गत वर्षसम्म विद्यार्थी संख्या बढेको जानकारी दिए । तीन वर्षसम्मको अवसर सकिएकाले यस वर्ष विद्यार्थी संख्या घटेको हो । यतिका धेरै विद्यार्थी घट्नुको कारण खोजी गर्नुपर्ने देखिएको छ । 'एसईईमा करिब साढे ४ लाख विद्यार्थी उत्तीर्ण हुन्छन् । भर्ना भने ३ लाख ५० हजार हाराहारीमात्र छ । यस विषयमा खोजी गर्नुपर्छ,' अभिभावक महासंघका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले भने ।

यस वर्षको परीक्षामा ५ हजार ३ सय ३९ विद्यालयका नियमिततर्फ ३ लाख ३२ हजार १ सय ७८ विद्यार्थीले परीक्षा दिँदैछन् । जसमध्ये १ लाख ७२ हजार १२ छात्र र १ लाख ६० हजार १ सय ३७ छात्रा र अन्य २ सय ९० परीक्षार्थी छन् । आंशिकतर्फ ५ हजार ८ सय ३० परीक्षार्थी सहभागी हुनेछन् । यस वर्ष सबभन्दा कम मनाङमा ३१ र सबभन्दा बढी काठमाडौं जिल्लाबाट ६४ हजार ३३ परीक्षार्थी सहभागी हुँदैछन् ।

यस वर्ष देशभर १ हजार ४ सय २० र जापानमा १ समेत गरी १ हजार ४ सय २१ परीक्षाकेन्द्र कायम गरिएको छ । सबभन्दा बढी काठमाडौंमा १ सय ६१ र सबभन्दा कम मनाङ र मुस्ताङ जिल्लामा १–१ केन्द्र निर्धारण गरेको बोर्डले परीक्षालाई मर्यादित/व्यवस्थित बनाउन सबै सरोकारवालालाई आग्रह गरेको छ ।

प्रदेशगत्रुपमा कोशीमा ६७ हजार ४ सय ९७, मधेसमा ६२ हजार १ सय १४, बागमतीमा १ लाख २० हजार ४ सय ७७, गण्डकीमा ३० हजार ५ सय ४६, लुम्बिनीमा ६९ हजार ४ सय ११, कर्णालीमा ३० हजार ४ सय ७९ र सुदूरपश्चिम प्रदेशमा ३७ हजार ४ सय ४५ र जापानमा ३९ जनाले परीक्षा दिँदै छन् ।

परीक्षालाई व्यवस्थित बनाउन सबै सरोकारवाला निकायलाई बोर्डले अपिल गरेको छ ।

# सिमरा सेजका अतिक्रमित घरटहरा हटाइँदै




सन्देश संवाददाता

बारा/विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा सेजले उद्योग विस्तार गर्न पाँच बटा ब्लकभित्र अतिक्रमणमा परेको करिब पाँच सय बिगाहाभित्रको घर, टहरा, बालीनाली हटाउने प्रक्रिया अगाडि बढाएको छ । माघ ७ गतेको मन्त्रिपरिषद् निर्णयअनुसार सेजको ब्लक 'बी' र 'सी' लाई निजी साझेदारी मोडलमा सञ्चालन गर्ने र 'डी' र 'ई' मा थप उद्योगको प्रक्रिया थाल्ने भएपछि सेजले अतिक्रमित क्षेत्रभित्रका घर, टहरा तथा बालीनाली हटाउने भएको हो ।

प्राधिकरणले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, जिल्ला प्रशासन बारालाई बोधार्थ दिँदै जितपुर सिमरा उपमहानगरलाई पत्र लेखी वडा नम्बर–४, १४ र १५ भित्रका अतिक्रमित घर, टहरा तत्काल हटाउन र बालीनाली उठाउन वडा कार्यालयलाई जानकारी गराइदिन ९ गते पत्राचार गरेको सिमरा सेजका इञ्जिनियर पम्पु गिरीले बताए । उनले भने–उद्योग विस्तार गर्ने प्रक्रियामा प्राधिकरण अगाडि बढिसकेको हुनाले उद्योग स्थापना गर्न अतिक्रमित घर, टहरा हटाउन आवश्यक रहने हुँदा स्थानीय सरकारको समन्वय खोजेका हौं । वीरगञ्ज चिनी कारखानाले प्रयोग गरेको ८ सय ३३ बिगाहा जग्गा सेजको नाममा छ । चिनी कारखानाले तत्कालीन अवस्थामा ९३ श्रमिकलाई उक्त क्षेत्रमा बस्न दिएको थियो ।

सोही श्रमिकका सन्तान आफन्तदेखि विभिन्न क्षेत्रबाट आएकाहरुले घर, टहरा बनाएको तथा खेतीबाली गरेको क्षेत्र करिब पाँच सय बिगाहा अतिक्रमित रहेको सेजले जनाएको छ ।

उपमहानगरका ती वडाहरुमा करिब १ सय ५० बिगाहामा झण्डै १ हजार घरधुरीले स्थायी प्रकृतिमा बसोबास गरेको सेज प्रशासनको अनुमान छ । सिमरा सेजको 'ए' ब्लकमा उद्योग सञ्चालनमा आएका छन् ।

सञ्चालनमा आइसकेको सिमरा सेजको 'ए' ब्लकको १ सय ६५ बिगाहाबाहेक जग्गामा समेत घर, टहरा बनाइ अतिक्रमण गरिएको छ । जुन हट्न सकेको छैन । जीतपुर सिमरा उपमहानगर–१५ का वडा अध्यक्ष रामप्रसाद लामिछानेले विकल्प दिएरमात्र प्रक्रिया थाल्न सेज र सरकारलाई अनुरोध गरेका छन् । राज्यको सम्पत्ति हो, छाड्नुपर्छ । तर, बस्ती व्यवस्थापनका लागि सरकारले राहतको योजना ल्याउनुपर्ने लामिछाने बताउँछन् ।

'बी', 'सी', 'डी' र 'ई' मा पर्खाल लगाउने क्रममा यसअघि प्रशासन र स्थानीयबीच पटकपटक झडप भएका थिए ।

सेजको जग्गा अतिक्रमणमा गरेर बसेकालाई कहाँ/कसरी व्यवस्थापन गर्ने भन्ने विषय ठूलो चुनौती हुने देखिन्छ । वीरगञ्ज उद्योग वाणिज्य संघ अध्यक्ष हरि गौतमले बारा–पर्सा औद्योगिक कोरिडोरमा नयाँ उद्योगका लागि जग्गाप्राप्ति कठिन बन्दै गएको अवस्थामा उद्योग स्थापना गर्न सिमरा सेजले प्रक्रिया थालेकोप्रति खुशी व्यक्त गरेका छन् ।

रोजगारी र लगानीको ठूलो अवसर बन्ने सिमरा सेज देशकै सबभन्दा ठूलो नाका वीरगञ्ज, जुन समुद्री बन्दरगाहबाट सबभन्दा निकट रहेको तथा बन्दै गरेको द्रुतमार्गले औद्योगिक क्षेत्रमा ठूलो प्रभाव र हुनेमा गौतम ढुक्क छन् । २०७५ चैत १८ गते तत्कालीन प्रधानमन्त्री केपी शर्माओलीले सिमरा सेज शिलान्यास गरेका थिए ।


*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,*
*इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो !!*

## !! हार्दिक समवेदना !!



जन्म:
२००२ जेठ १०

स्वर्गारोहण:
२०८३ बैशाख २

स्व.कुलबहादुर चित्रकार

यस सहकारी संस्था लिमिटेडका *सचिव श्री महेन्द्र चित्रकार*का पुज्यनीय पिता तथा मकवानपुर जिल्लाका पुराना सफल व्यवसायी **कुलबहादुर चित्रकार**को मिति २०८३ बैशाख २ गते ८१ बर्षको उमेरमा असामयिक निधन भएकोप्रति हामी अत्यन्तै मर्माहत भएका छौं ।
दु:खको यस घडीको आज १३ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर
शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति
ईश्वरले धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन्
भन्दै भावपूर्ण समवेदना अर्पण गर्दछौं ।

बिजय सागर श्रेष्ठ (अध्यक्ष) एवम्

**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

हेटौडा-४, स्कुल रोड, मकवानपुर



## श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बालश्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाभैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।






## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।
**सम्पर्क** :
९८४५०३१७८६, ९८२११४००२२



## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनखण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६



## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७


प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने